मधेशदृष्टिमा विज्ञापनका लागि सम्पर्क नं.:
9808835198
9807170995
9803474311
9854028218

नजर हमर
राष्ट्रिय दैनिक
# मधेशदृष्टि
www.emadheshdristi.com
Madheshdristi National Daily


उपसभामुखमा यादवको उम्मेदवारी
पृष्ठ ६ मा

वर्ष १ | अंक ७३ | २०७९ साल माघ ७ गते शनिवार | Saturday 21, Jan. 2023 | पृष्ठ ८ | मूल्य रु. ५/-

## पर्सामा कुष्ठरोगीको संख्या बढ्दै
### वीरगंजमा मात्रै २ सय भन्दा बढि





मधेशदृष्टि
वीरगंज ६ माघ । पर्सामा कुष्ठरोगका बिरामीको संख्या बढ्दै गएको छ । अन्तर्राष्ट्रिय कुष्ठरोग दिवसका अवसरमा वीरगन्जमा आयोजित कार्यक्रममा पर्सामा अहिले ५ सय ४१ जना कुष्ठरोगका बिरामी रहेको बताईएको छ।

जिल्लाको १४ स्थानीय तह मध्य सबैभन्दा बढी कुष्ठरोगका बिरामीहरु बीरगन्ज महानगरपालिकामा रहेको छ। वीरगंजमा २ सय ६ जना कुष्ठरोगका बिरामी छन् । यसैगरी ठोरी गाउँपालिकामा उक्त रोगका बिरामीको संख्या शून्य रहेको द ल्याप्रोसी मिसन नेपालकी पर्सा जिल्ला अनुगमन तथा मूल्यांकन अधिकृत रिजु तिवारीले जानकारी दिए। यस्तै पटेर्वासुगौली गाउँपालिकामा ७० जना, पोखरिया नगरपालिकामा ५१, कालिकामाई गाउँपालिकामा ४१, विन्दवासीननी गाउँपालिकामा ४०, जीराभवानी गाउँपालिकामा २६, बहुदरमाइ नगरपालिकामा २६, जगरनाथपुर गाउँपालिकामा २३, पकाहा मैनपुर गाउँपालिकामा १७, छिपहरमाई गाउँपालिकामा १४, सखुवा प्रसौनी गाउँपालिकामा १३, धोबिनी गाउँपालिकामा ९ र पर्सागढी नगरपालिकामा ५ जना कुष्ठरोगका बिरामी रहेको अधिकृत तिवारीले बताए।

उनले जिल्लामा फेला परेका सबै बिरामीको सम्बन्धीत पालिकाको स्वास्थ्य संस्थाबाट निःशुल्क उपचार भईरहेको बताउनुभयो । पर्सामा रहेका ५ सय ४१ कुष्ठरोगका बिरामी मध्य ४ सय ४१ जनाको अवस्था जटील रहेको र ९८ जनाको सामान्य रहेको बताईएको छ। यस्तै देशभरका ७ प्रदेशमध्ये सबैभन्दा बढी मधेस प्रदेशमा ७ सय ४३ जना र सबैभन्दा कम कर्णाली प्रदेशमा ६७ जना कुष्ठरोगका बिरामी रहेका छन्।

## मधेश प्रदेशमा बढी विद्युत चुहावट



मधेशदृष्टि
जनकपुरधाम, ६ माघ। देशैभरिमा सबभन्दा बढी विद्युत चुहावट मधेश प्रदेशमा भइरहेको नेपाल विद्युत प्राधिकरणको तथ्यांकले देखाउंछ।

देशका सातवटा प्रादेशिक कार्यालय र दुईवटा प्रदेश डिभिजन कार्यालय मातहतका वितरण केन्द्रहरुमध्ये चालु आर्थिक वर्ष (आव) २०७९/८० को पहिलो पाँच महिनामा सबैभन्दा बढी विद्युत चुहावट मधेश प्रदेश प्रादेशिक कार्यालय जनकपुरधामको रहेको हो।

प्रादेशिक कार्यालय जनकपुर मातहतका २३ वटा वितरण केन्द्रहरुको मंसिरसम्ममा समग्र विद्युत चुहावट १२.८० प्रतिशत रहेको छ। अघिल्लो वर्ष सोही अवधिमा १२.९७ प्रतिशत थियो । सर्लाहीको मलंगवा वितरण केन्द्रको सबैभन्दा बढी ४४.८३ प्रतिशत विद्युत चुहावट रहेको छ । गत वर्ष मलंगवा वितरण केन्द्रको विद्युत चुहावट ४३.८२ प्रतिशत थियो।

रौतहटको मौलापुर वितरण केन्द्रको विद्युत चुहावट ४०.५५ प्रतिशत रहेको थियो । गत वर्ष त्यस केन्द्रको चुहावट ७.२२ प्रतिशत थियो। बाराको सिम्रौनगढ वितरण केन्द्रको विद्युत चुहावट ३७.८२ प्रतिशत छ। गत वर्ष त्यस केन्द्रको चुहावट ३९.८० प्रतिशत थियो । महोत्तरीको जलेश्वर वितरण केन्द्रको चुहावट गत वर्ष ३७.६१ प्रतिशत रहेकोमा यस वर्ष ३४.५१ प्रतिशत रहेको छ।

त्यस्तै प्रदेश नं १ प्रादेशिक कार्यालय विराटनगर मातहतका २४ वटा वितरण केन्द्रको मंसिरसम्मको समग्र विद्युत चुहावट ७.४२ प्रतिशत रहेको छ। अघिल्लो वर्ष सोही अवधिमा चुहावट ९.९४ प्रतिशत थियो । प्रादेशिक कार्यालय अन्तर्गत सबैभन्दा बढी विद्युत चुहावट मोरङको रङ्गेली वितरण केन्द्रको छ। यस केन्द्रको विद्युत चुहावट २०.५२ प्रतिशत रहेको छ । अघिल्लो वर्ष १५.६० प्रतिशत थियो। बागमती प्रदेश प्रादेशिक कार्यालय काठमाडौं मातहतका २० वटा वितरण केन्द्रहरुको समग्र विद्युत चुहावट ५.३३ प्रतिशत रहेको छ। अघिल्लो वर्ष ७.४७ प्रतिशत थियो । प्रादेशिक कार्यालय काठमाडौं मातहत सिन्धुपाल्चोक वितरण केन्द्रको सबैभन्दा बढी २१.३७ प्रतिशत चुहावट रहेको छ।

अघिल्लो वर्ष त्यस केन्द्रको ३१.९३ प्रतिशत चुहावट थियो।

गण्डकी प्रदेश अन्तर्गत प्रादेशिक कार्यालय पोखरा मातहतका १२ वटा वितरण केन्द्रहरुको गत वर्षको मंसिरसम्मको समग्र विद्युत चुहावट ७.९१ प्रतिशत रहेकोमा यस वर्ष ६.४३ प्रतिशत रहेको छ। कार्यालय अन्तर्गत सबैभन्दा बढी चुहावट म्याग्दीको तातोपानी वितरण केन्द्रको छ। केन्द्रको चुहावट अघिल्लो वर्ष ५.७१ प्रतिशत रहेकोमा यस वर्ष बढेर ४१.७८ प्रतिशत पुगेको छ।

लुम्बिनी प्रदेश अन्तर्गत प्रदेश डिभिजन कार्यालय नेपालगञ्ज मातहतका ९ वटा वितरण केन्द्रहरुको गत वर्षको मंसिरसम्ममा ७.८० प्रतिशत रहेकोमा यस वर्ष ३.९७ प्रतिशत रहेको छ। कार्यालय अन्तर्गत सबैभन्दा बढी विद्युत चुहावट रोल्पा वितरण केन्द्रको १४.९० प्रतिशत रहेको छ। अघिल्लो वर्ष त्यस केन्द्रको चुहावट १९.२९ प्रतिशत थियो।

कर्णाली प्रदेश अन्तर्गत प्रादेशिक कार्यालय सुर्खेत मातहतका ७ वटा वितरण केन्द्रहरुको समग्र विद्युत चुहावट १०.५८ प्रतिशत रहेको छ । गत वर्ष १३.३२ प्रतिशत थियो । कार्यालय अन्तर्गत सबैभन्दा बढी चुहावट रुकुम (पश्चिम) वितरण केन्द्रको रहेको छ । केन्द्रको चुहावट गत वर्ष २७.१३ प्रतिशत रहेकोमा यस वर्ष बढेर ३६.६५ प्रतिशत पुगेको छ।

सुदूरपश्चिम प्रदेश अन्तर्गत प्रादेशिक कार्यालय अत्तरिया मातहत १२ वटा वितरण केन्द्रहरुको मंसिरसम्मको समग्र विद्युत चुहावट ५.९८ प्रतिशत रहेको छ। गत वर्षको सोही अवधिमा चुहावट ५.७६ प्रतिशत थियो। कार्यालय अन्तर्गत सबैभन्दा बढी चुहावट बझाङ वितरण केन्द्रको रहेको छ। गत वर्ष १९.७७ प्रतिशत रहेको केन्द्रको चुहावट यस वर्ष बढेर २१.९१ प्रतिशत पुगेको छ।

चालु आर्थिक वर्षको पहिलो पाँच महिनामा देशैभरिमा विद्युत चुहावाट १२.०५ प्रतिशतमा झारेको छ । गत असारसम्ममा १५.३८ प्रतिशत रहेको समग्र प्रणालीको विद्युत चुहावट ५ महिनामा ३.३३ प्रतिशतले घटेर १२.०५ प्रतिशतमामा झरेको छ।

प्राधिकरणका अनुसार वितरणतर्फको विद्युत चुहावटलाई घटाएर ७.४९ प्रतिशतमा झारेको छ। गत आर्थिक वर्ष २०७८/७९ मा वितरणतर्फको विद्युत चुहावट १०.८६ प्रतिशत थियो।

चालु आवको मंसिरसम्ममा वितरण प्रणालीमा ४ अर्ब १४ करोड ७५ लाख युनिट विद्युत प्राप्त भएकोमा ३ अर्ब ८३ करोड ६७ लाख युनिट विद्युत बिक्री भएको छ। ३१ करोड ७ लाख ७९ हजार युनिट विद्युत चुहावट भएको छ।

## गैरजिम्मेवार शिक्षक राजनीतिमा जिम्मेवार
### शिक्षकहरु राजनीतिमा लाग्दा मधेशको शैक्षिक अवस्था खस्किदै




मधेशदृष्टि
जनकपुरधाम, ६ माघ । देश संघीयतामा गएपछि शिक्षाको जिम्मेवारी स्थानीय तहमा जाँदा मधेश प्रदेशका सामुदायिक विद्यालयहरूको पठन पाठनको अवस्था दिन प्रतिदिन खस्कँदै गइरहेको छ । सामुदायिक विद्यालयहरूमा शिक्षक तथा पूर्वाधार राम्रो भएपनि शिक्षकहरुको राजनीति, अव्यवस्थित व्यवस्थापनले गर्दा पठन पाठन खस्किदै गएको हो । सामुदायिक विद्यालयका शिक्षकहरूलाई सरकारले अन्य कर्मचारी सरहको सेवा तथा सुविधा प्रदान गरेपनि तिनीहरु शिक्षणभन्दा पनि राजनीतिलाई ग्राहयता दिएको कारण प्रभावकारी बन्न सकेको छैन।

मधेश प्रदेशमा कार्यरत शिक्षकहरु कुनै न कुनै राजनीति दल र दलहरुको भातृ संगठनहरुमा आबद्ध भएको कारण तिनीहरु पढाई भन्दा पनि स्थानीय राजनीतिमा लागेको कारण दिनहुँ विद्यालय छाडेर राजनीतिक दलका कार्यक्रमहरुमा सहभागी हुने गरेको कारण पठन पाठन प्रभावित हुँदै गएको आरोप लाग्दै आएको छ।

शिक्षकहरू अस्थायी, निजी श्रोत वा करारमा काम गर्दा निक्कै मेहनत गरेर पढाउने गरेतापनि स्थायी भएपछि पढाउन छाडेर राजनीतिक दलको सक्रियता कार्यकर्ताको रुपमा काम गर्ने र विद्यालयले कारवाही प्रक्रिया चलाउंदा राजनीतिक प्रभावले कुनै असर नहुँदा तिनीहरुको मनोबल बढदै गएको अभिभावकहरुका भनाईछ।

यति मात्र होइत ती स्थायी शिक्षकहरू केवल तलब भत्ता तथा अन्य सुविधाको पक्षमा बढी केन्द्रित हुँदा उनीहरू आफ्नो पेसाप्रति जिम्मेवार नरहेको गुनासो अभिभावकहरूको रहेको छ । स्थायी भएपछि कस्ले के बिगर्ला ? भने गलत भावना शिक्षकहरूमा देखिन्छ । ती शिक्षकहरूलाई विभिन्न राजनीतिक दलका नेताहरूले संरक्षण दिने गरेका कारण पनि उनीहरू गैर जिम्मेवार बन्दै गएको हो।

मधेश प्रदेशले कुनै बेला देशलाई नै शिक्षाको उज्यालो दिने गर्दथ्यो तर अहिले मधेसको शिक्षा निक्कै पछाडि परेको मधेश प्रदेशका नीति तथा योजना आयोगका उपाध्यक्ष डा. भोगेन्द्र झाको कथन रहेको छ। आफ्नो पेसाप्रति ईमान्दार नभएकाले शिक्षकप्रति नकारात्मक भावना सिर्जना भएको भएको डा.झाको भनाई छ।

मधेश प्रदेशका ८ जिल्लामा प्रारम्भिक बाल विकास केन्द्र ४ हजार ७ सय ४६ र आधारभूत विद्यालय (कक्षा १ देखि ५ सम्म) ३ हजार ४ सय २५ वाट रहेका छन् । यसैगरी कक्षा ६ देखि ८ सम्म अध्ययन अध्यापन हुने विद्यालयको स‌‌‌ख्या १ हजार २ सय २ , कक्षा ९ देखि १० सम्म पढाई हुने विद्यालयको स‌‌‌ख्या ५ सय ३९ तथा कक्षा ११ र १२ को पढाई हुने विद्यालयको स‌‌‌ख्या ३ सय ६६ रहेको छ। कतिपय आधारभूत विद्यालयहरूमा अहिले विद्यार्थी नै पाइँदैनन्। शिक्षकहरू घर बसेर तलब भत्ताको सुविधा लिइरहेका छन्।

मधेश प्रदेशमा शिक्षकहरूको संख्या १७ हजार ५ सय २७ जना रहेको शिक्षा विकास निर्देशनालयले जनाएको छ । मधेश प्रदेशको सामुदायिक विद्यालयहरूमा कक्षा १ देखि १२ सम्ममा १३ लाख ७७ हजार ८ सय ३७ विद्यार्थीहरू अध्ययनरत रहेका छन् । त्यसमध्ये कक्षा १ देखि ५ सम्ममा ८ लाख ४२ हजार १ सय ४१ जना विद्यार्थीहरू अध्ययनरत रहेका छन् । त्यसमध्ये ४ लाख ५४ हजार १ सय ६० छात्र र ३ लाख ७८ हजार ९ सय ७१ हजार छात्रा अध्ययनरत रहेका छन्।

कक्षा ६ देखि ८ सम्ममा २ लाख ५४ हजार ७ सय ३४ जना विद्यार्थीहरू अध्ययनरत रहेका छन्। माध्यमिक तहको कक्षा ९ देखि १० सम्म १ लाख ९ हजार ७ सय ७४ जना र कक्षा ११ देखि १२ सम्मको कक्षामा ३७ हजार ९ सय २७ विद्यार्थीहरू अध्ययनरत रहेका छन् । शिक्षक विद्यार्थीको अनुपात पनि कतिपय विद्यालयमा मिलेको छैन । कतिपय विद्यालयमा विषयगत शिक्षकहरूको अभाव छ। यस कारणले पनि विद्यालयको गुणस्तरमा ह्रास आएको छ।

सामुदायिक विद्यालयहरूको एसइई तथा कक्षा १२ को परीक्षाको पनि परिणाम राम्रो छैन। मधेश प्रदेशका विद्यालयहरूमा विद्यार्थीहरूको विज्ञान, गणित तथा अङ्ग्रेजी भाषाको सिकाइको अवस्था निक्कै कमजोर पाइएको छ।

संविधानले माध्यमिक तहसम्मको शिक्षाको व्यवस्था स्थानीय स्थानीय तहलाई दिए पनि स्थानीय तहहरुले त्यसको प्रभावकारी अनुगमन गर्दैनन् । जनप्रतिनिधिहरू सामुदायिक विद्यालयको पठन पाठन सुधारमा ध्यान नदिई सरुवा बढुवामा केन्द्रित भएको देखिन्छ। केही जनप्रतिनिधिले विद्यालय प्रति चासो लिएर सुधारतर्फ अघि बढेपनि पछि राजनीतिक दबावमा कुनै कारवाही नगरी पछि हट्ने गरेको कयौं उदाहरण छन् । स्थानीय जनप्रतिनिधिहरू नै विद्यालयमा राजनीति अखाडा बनाएका

- बाँकी पृष्ठ ६ मा

## ११ महिना बितिसक्दा पनि सरुवा भएको ठाउँमा गएनन् स्वास्थ्यकर्मी

मधेशदृष्टि
जनकपुरधाम, ६ माघ । धनुषाको बटेश्वर गाउँपालिकामा कार्यरत एक स्वास्थ्यकर्मी सरुवा भएको ११ महिना बितिसक्दा पनि सरुवा गएको ठाउँमा नगई गाउँपालिकामै बस्ने गरेको बुझिएको छ । बटेश्वर-५, शान्तिपुरको स्वास्थ्य चौकीमा कार्यरत स्वास्थ्यकर्मी सिनियर अहेब (सिएम) महेशकुमार साहको ११ महिनाअघि गत चैतमा तत्कालीन प्रमुख प्रशासकीय अधिकृत रामजी जोसीले उनको वडा नं. २, भुचक्रपुरको स्वास्थ्य चौकीमा सरुवा गरेको थियो । सरुवा भएको ११ महिना बितिसक्दा पनि साह 'विकट ठाउँ' रहेको भन्दै हाजिर हुन नगई गाउँपालिका आएर हाजिर गर्ने र घर फिर्ने उनको दैनिकी बनेको छ । खटाएको ठाउँमा नगई किन गाउँपालिकामै किन बसेको जिज्ञासामा उनले 'पायक परेको ठाउँबाट विकटमा सरुवा भएकाले यही हाजिरी भइरहेको छु । उपयुक्त ठाउँ पाएपछि काममा जान्छु भने ।'

अहेव साहको घरबाट बटेश्वर गाउँपालिका कार्यालय करिब १५ किलोमिटरमा पर्छ । सरुवा भएको वडा नं. २ को स्वास्थ चौकी करिब डेढ किमी टाढा पर्छ। तर उनी स्वास्थ्य चौकी गएका छैनन्, १५ किमी टाढाकै गाउँपालिका कार्यालयमा पुगेर हाजिरी गर्ने गरेका छन्।

गाउँपालिका अध्यक्ष रामअशिष महतोले आफू पनि स्वास्थ्यकर्मी साहको व्यवहारबाट दिक्क भइसकेको बताए। उनले भने आफू निर्वाचित भएर आएदेखि उनलाई सरुवा भएको ठाउँमा जान भन्दै आएका छौं तर त्यहाँ नगई पालिकामै आएर हाजिरी गर्ने गरेका छन्। अध्यक्ष महतोले भने स्वास्थ्यकर्मी साह पालिकामै काम गर्न देउ भन्दै आएका छन्। तर यहाँ आवश्यकता नै छैन भने कसरी राख्ने । नजिकका स्वास्थ्य चौकीमा पठाउँदा त्यहाँबाट झै झगडा गरेर पुनः गाउँपालिकामै आउने गरेका छन्।

जनप्रतिनिधिले निर्देशन नमान्ने कर्मचारीलाई कारवाही किन गरिएन भने जिज्ञासामा अध्यक्ष महतोले भने हामी कारवाही कसरी गर्ने उनी संघ सरकारका स्थायी कर्मचारी हुन्। तलब भत्ता संघबाटै खाने गरेको कारण त्यो पनि रोक्ने अधिकार मेरो नरहेको कारण अहिलेसम्म कारवाही अघि बढाउन सकिएको छैन । अब प्रमुख प्रशासकीय अधिकृत सन्तोष शर्मा आएपछि अहेव साहको व्यवस्थापन गर्ने उनले बताए। सिनियर अहेब साह मात्र होइन, करीब १५ महिनाअघि करारमा नियुक्त इन्जिनियर सत्यपाल शौरभ कुशवाहाले बिना कुनै कामै गरी घर बसेर खाइरहेका छन् । 'रौतहटका कुशवाहा कार्यालय पनि अहिलेसम्म तलब लिन मात्र ३ पटक कार्यालय आएका छन्। पालिकाका कर्मचारी श्रोतका अनुसार 'उनलाई प्रशासकीय अधिकृत र लेखा अधिकृतले तीन पटक एकमुष्ट हाजिरी गराएर ८ महिनाको तलब खुवाएका छन्।'

कुशवाहलाई तत्कालिन अध्यक्ष डम्बरबहादुर राउत, प्रशासकीय अधिकृत रामजी जोसी र लेखा अधिकृत सुमन पुरीले मिलोमतो गरेर २२ असोज २०७८ मा करारमा नियुक्त गरेका थिए । फर्जी हाजिरी खडा गरेर तेश्रो पटक तलब खुवाएपछि मिलोमतो बाहिरिएको थियो। अख्तियार दुरुपयोग अनुसन्धान आयोगले भदौमा कुशवाहाको हाजिरी, तलब बुझेको विवरण र फिल्डमा खटाएको भए आदेशपत्र मागेपछि पालिकाले त्यही फर्जी हाजिरी र आदेशपत्र पठाएर मुद्दा सामसुम पारेका थिए।

गाउँपालिकाका लेखा अधिकृत पुरी भने इन्जिनियर कुशवाह कार्यालय नआएपनि फिल्डमा खटेको आधारमा तलब खुवाएको जिकीर गर्छन्। तर कहाँ कुन प्रयोजनमा फिल्डमा खटेको बारे कुनै रेकर्ड कार्यालयमा देखिदैन।

कुशवाहाले बिना कामै गरी तलब खाइरहेको बारे अध्यक्ष महतोले भने गत आर्थिक वर्षसम्म तलब खाएको जानकारी छ । आफू निर्वाचित भएर आएदेखि त्यसको तलब भत्ता रोकेका छौं। उनको न त करार अवधि बढाइएको छ न तलब खुवाइएको दाबी उनले गरेका छन्।

# प्रधानन्यायाधिशको तलब एकलाख नाघ्यो

मधेशदृष्टि
काठमाडौ, ६ माघ । कर्मचारीहरुको तलबवृद्धि भएको ६ महिनापछि सरकारले न्यायाधीशहरु र संवैधानिक पदाधिकारीहरुको पारिश्रमिक तोकेको छ । अर्थमन्त्रालयले राजपत्रमा प्रकाशित गरेको सूचना अनुसार, प्रधानन्यायाधीशको तलब १ लाख २ हजार २ ९३ रुपैयाँ छ । सर्वोच्चका न्यायाधीशहरुको तलब ८५ हजार ४३ रुपैयाँ हुन्छ । न्यायपरिषदका सदस्य र महान्यायाधीवक्ताले पनि सोही बराबरमा तलब पाउनेछन् । उच्च अदालतका मुख्य न्यायाधीशको तलब ८० हजार ७०७ र न्यायाधीशको ७६ हजार ३८३ रुपैयाँ छ । जिल्ला न्यायाधीशको तलब ६४ हजार ८९५ रुपैयाँ तोकिएको छ भने सर्वोच्चदेखि जिल्लासम्मका न्यायाधीशहरुको अरु सुविधा ऐनमा तोकिएको छ ।

संवैधानिक निकायका प्रमुखको तलब ८० हजार ७०७ रुपैयाँ तोकिएको छ भने सदस्यहरुले ७७ हजार ६६० रुपैयाँ पाउनेछन् । राष्ट्रिय सूचना आयोगका पदाधिकारीहरुले यही अनुसार तलब पाउनेछ । योजना आयोगका उपाध्यक्षको मासिक पारिश्रमिक ७९ हजार ३८५ रुपैयाँ र सदस्यहरुको ७७ हजार ६६० रुपैयाँ तोकिएको छ । संघीय संसदका महासचिवले मुख्यसचिव र सचिवहरुले नेपाल सरकारका सचिव सरह हुनेगरी सुविधा पाउने भनी राजपत्रमा सूचना प्रकाशित छ । सरकारले राजपत्रमा सूचना निकाल्न ढिलाइ गरेका कारण साउनपछि अवकाश पाउने संवैधानिक पदाधिकारीहरु र न्यायाधीशहरुको पेन्सनपट्टा बनेको थिएन, अब भने यो बाटो खुलेको छ भने यी सबै पदाधिकारीहरुले बढ्नुअघिको तलब सुविधा लिइरहेका छन् । साउनपछि बढेको तलब भने हिसाब गरेर एकमुष्ट रुपमा दिइनेछ ।

# गुजरामा वित्तीय शिक्षा तथा व्यवसायीक ज्ञान स्वामित्व ग्रहण कार्यशाला गोष्ठी

आरके श्रीवास्तव
गरूडा, ६ माघ । रौतहट जिल्लाको गुजरा नगरपालिकामा वित्तीय शिक्षा तथा व्यवसायीक ज्ञान स्वामित्व ग्रहण कार्यशाला गोष्ठी सम्पन्न भएको छ ।

गुजरा नगरपालिकाको वडा नम्बर ९ स्थिति रहेको नगरपालिकाको सभा कक्षमा शुक्रवार एक दिने कार्यशाला गोष्ठी आयोजन गरिएको थियो । नेपाल सरकार उधोग,वाणिज्य तथा आपूर्ति मन्त्रालय ग्रामिण उधम तथा विप्रेषण आयोजना(समृद्धि) जनकपुर करिडोर कार्यालय,जनकपुरधामको आयोजनामा कार्यशाला गोष्ठी भएको नि.प्रमुख प्रशासकिय अधिकृत बिनोद कुमार जयसवालले जानकारी गराएका छन ।

सुनिता बानियाले सञ्चालन गरेको कार्यक्रममा संयोजक गिरीले समृद्धि आयोजनाको बारेमा प्रकाश पारको थिए । समृद्धि आयोजना प्रदेश १ को ८ वटा जिल्ला र मधेस प्रदेशको ७ वटा जिल्लाहरू सप्तरी,सिरहा,धनुषा, महोतरी,सर्लाही ,रौतहट र बारा जिल्लाहरूमा सञ्चालित रहेको उनले जानकारी गराए । गरिबी न्यूनिकरण तथा देशमा दिगो शान्ति हासिल गर्नका लागि रोजगारीका अवसर सिर्जना गरि समतामूलक तथा समावेशी आर्थिक विकास गर्ने लक्ष्य रहेको उनले बताए ।

शुक्रबार नगर प्रमुख सन्तलाल चौधरीको प्रमुख आतिथ्यता र जनकपुर करिडोर कार्यालयका संयोजक मोती बहादुर गिरिको अध्यक्षतामा कार्यशाला गोष्ठी सञ्चालन भएको थियो । कृषि उधम केन्द्र,नेपाल उधोग वाणिज्य माहासंघ र हेल्वेटास आयोजनाको साझेदार निकायहरू हुन् ।

कार्यक्रम सबै उपस्थित प्रतिनिधिहरूले समृद्धि आयोजनाको बारेमा आ-आफनो विचार राखेका थिए । कार्यक्रममा बोल्दै गुजरा नगर प्रवक्ता बिजय साह बनियाले सहकारी संस्थाहरू विभिन्न अनुदान लगायतका सहयोगहरू गर्दै आइरहेकोले अगामी दिनमा पनि आवश्यक सहयोगहरू गर्दै जाने बताए




। उनले जुनसुकै निकाय बाट लगानी भइरहेको छ । त्यसको सहि सदुपयोग हुनुपर्नेमा जोड दिएका थिए ।

सो कार्यशाला गोष्टीमा गुजरा नपा वडा १ का वडा अध्यक्ष रामजी चौधरी,वडा नम्बर २ का वडा अध्यक्ष अशोक चौधरी,वडा नम्बर ९ का वडा अध्यक्ष प्रेम चौधरी,वडा नम्बर ४ का वडा अध्यक्ष झमक प्रसाद चौधरी ,कार्यपालिका सदस्य बिजय साह बानिया,रत्ना चौधरी , विभिन्न वडाका वडा अध्यक्ष ,सहकारी संस्थाका प्रतिनिधिहरू सहितका दर्जनौं व्यक्तिहरूको सहभागिता रहेको थियो ।

# टी २० मा म्याच फिक्सिङ भएको सीआईबीको निष्कर्ष

मधेशदृष्टि
जनकपुरधाम, ६ माघ । नेपाल टी-२० लिगमा म्याच फिक्सिङ भएको निस्कर्षमा प्रहरीको केन्द्रीय अनुसन्धान ब्यूरो (सीआईबी) पुगेको छ । प्रहरी नायव उपरीक्षक (डीएसपी) को नेतृत्वमा ५ सदस्यीय समिति बनाएर अनुसन्धान गरिरहेको सीआईबी फिक्सिङ भएको निस्कर्षमा पुगेको हो । सीआईबीका प्रवक्ता संजय थापाले भने, 'प्रतिवेदन लगभग निस्कर्षमा पुगेको छ। अहिलेको हाम्रो छानबिनले फिक्सिङ भएका आधारहरु पर्याप्त देखाएको छ। संलग्न व्यक्तिहरु पनि खुलिसकेको छ। हामी प्रतिवेदनसँगै सार्वजनिक गर्छौं ।' अहिले नै यी व्यक्तिहरु हुन्, यति संख्यामा छन् भनेर बताउन नमिल्ने थापाले बताए । 'आउने हप्ताको सुरुमै हामी प्रतिवेदन सार्वजनिक गर्छौं र फिक्सिङमा संलग्नहरु पनि सार्वजनिक गर्छौं। संलग्न व्यक्तिहरु कानुनको दायरामा आउने थापाले बताए । म्याच फिक्सिङको आशंका देखिएपछि सीआईबीले डीएसपी सुन्दर तिवारीको नेतृत्वमा छानबिन समिति बनाएको थियो । छानबिनका क्रममा राष्ट्रिय खेलकुद परिषद्, नेपाल क्रिकेट संघ, आयोजक र खेलाडीहरुसँग सीआईबीले सोधपुछ गरेको थियो । यस्तै क्रिकेटका जानकारहरुसँग पनि सीआईबीले सोधपुछ गरेर प्रतिवेदन तयार गरेको हो ।

पुस ९ गतेदेखि कीर्तिपुर मैदानमा भएको लिग सुरुबाटै बिबादमा परेको थियो। यस्तै खेलहरु अस्वभाविक देखिएको भन्दै फिक्सिङको आशंका गरिएको थियो । अन्ततः सीआईबीले स्पट फिक्सिङको निस्कर्ष निकालेको हो।

# मिर्चैयामा नवजात शिशुको शव भेटियो



मुकेस कुमार यादव
सिरहा, ६ माघ । सिरहाको मिर्चैयामा एक नवजात शिशुको शव फेला परेको छ। मिर्चैया नपा ६ मटिअर्वामा खेतमा फालिएको अवस्थामा महिना पुगेरै जन्मेको जस्तो देखिने शिशुको शव फेला परेको हो ।

करिव ७ महिनाको जस्तो देखिने नवजात शिशु (छोरा) को शव वेवारिसे अवस्थामा खेतमा फेला परेको इलाका प्रहरी कार्यालय मिर्चैयाका प्रमुख डीएसपी हरीवहादुर वलीले जानकारी दिए । शव पोष्टमार्टमको लागि रामकुमार उमाप्रसाद स्मारक अस्पताल लहान पठाईएको र घटनाबारे थप अनुसन्धान भईरहेको डीएसपी ओलीले बताए । जिल्लामा पछिल्ला दिनहरुमा नवजात शिशु वेवारिसे अवस्थामा फाल्ने गरेको घटना बढेर गएको छ । यस अघि जिल्लाकै वडियारपट्टी, गोलबजार र धनगढीमाई नपामा पनि शिशु फेला परेको थियो । श्रीमान वैदेशिक रोजगारीमा रहेका बेला अवैध सम्वन्धका कारण रहेको गर्भ लोकलाजका कारण राख्न नसक्ने भएपछि महिलाले शिशु फालेको हुन सक्ने अनुमान गरिन्छ ।

# रौतहटमा बलिदानी दिवसको अवसरमा सहिद परिवारलाई सहयोग

आरके श्रीवास्तव
गरूडा, ६ माघ। रौतहटमा बलिदानी दिवसको अवसरमा सहिद परिवारलाई सहयोग गरिएको छ । वि.स. २०७२ सालको मधेस आन्दोलनमा जिल्लामा ३ जना साहदत प्राप्त गर्नु भएका सहिद परिवारलाई खाद्यान्न सहित विभिन्न सामानहरू सहयोग गरिएको छ ।

जिल्लाको ईशनाथ नपा वडा नम्बर ४ मटिआ महुलिया निवासी स्व. राजकिशोर ठाकुर, राजपुर नपा ६ बलुवा निवासी स्व.शेख मैनुदिन र परोहा नपा ३ तेजापाकड निवासी स्व.शम्स शेख तबरेज आलमका परिवारलाई सहयोग गरिएको हो । वहाँहरूको घरको अवस्था धेरै दैनीय रहेको छ । मधेश प्रदेश सरकारले माघ ५ गते प्रदेशभरि बलिदानी दिवसको रूपमा आजको दिनमा सार्वजनिक बिदा दिएर विभिन्न कार्यक्रम गरि मनाउँदै आएको छ ।

मधेस सरकारले बलिदानी दिवस मनाइरहँदा सहि परिवारको मर्म बुझि जनता समाजवादी पार्टी नेपाल तत्कालीन विधार्थी नेता जिल्ला अध्यक्ष तथा फतुवा बिजयपुर नगरपालिका वडा नं ७ टेङ्गहा निवासी वैदेशिक रोजगारीको सिलसिलामा हाल बसोबास अमेरिकका गर्दै आइरहेका जयप्रकाश भाई मधेशीयाले खाद्यान्न सामग्री सहित विभिन्न सामाग्रीहरू सहयोग गरेका छन् ।

उनले प्रत्येक वर्ष आजकै दिन ती सहिदका परिवारलाई आफ्नो निजी रकमबाट खाद्यान्न सामाग्री लत्ताकपडा, छोराछोरीलाई पढाउनको लागि रकम लगायतको सहयोग उपलब्ध कुनै न कुनै माध्यमले गर्दै आइरहेका छन् ।

बिहीबारको अमेरिकाबाट पठाएको रकमबाट गतवर्षमा राहत दिने क्रममा सहिद राजकिशोर ठाकुरको श्रीमती र आमाबाबुले आग्रह गर्नुभएको थियो कि अब आउने बेला एउटा गैस चुल्हो, गैस सैलेण्डर ल्याइदिनु होला भनेको विषयलाई युवा नेता प्रकाश भाई मधेशियाले एक थान ग्यास, एक थान चुल्हो, एक बोरा चामल, पाँच केजी दाल, एक लिटर खानेतेल र एक थान ब्ल्याकेट उपलब्ध गराइएका




छन् । त्यस्तै शेख मैनुदिन र शम्स शेख तबरेज आलमको घरमा समेत पुगेर एक बोरा चामल, पाँच केजी दाल, एक लिटर खानेतेल र एक थान ब्ल्याकेट उपलब्ध गराइएका छन् ।

सो राहत सामाग्री हस्तान्तरण गर्न उनको घरमा युवा पत्रकार अभिमन्यु कुमार पटेल, अरबिन्द कुमार यादव, हनुमत कुमार यादव, युवा नेता सतिश कुमार पटेल साथै समाजवादी विद्यार्थी युनियन रौतहटको अध्यक्ष धर्मेन्द्र यादव समेत पुगेका थिए ।

# सहिदको सपना साकार पार्ने प्रतिबद्धता : मन्त्री यादव



मुकेश कुमार यादव
सिरहा, ६ माघ । मधेश प्रदेश सरकारका विना विभागीय मन्त्री सन्जय यादवले मधेस सरकारले सहिदको सपना साकार पार्ने प्रतिबद्धता गरेका छन् । १६ औं बलिदानी दिवसको अवसरमा लाहानको शहीद पार्कमा शहीदहरुलाई माल्यार्पण कार्यक्रमलाई सम्बोधन गर्दै मधेस सरकारले सहिदको सपना साकार पार्न कुनै कसर वार्की नराखने प्रतिबद्धता गरेका हुन् ।

मधेश सरकारले पहिलो प्राथमिकतामा शहीदहरुको संग्राहलय बनाउने योजना रहेको बताए । उनले भने, 'मधेश प्रदेश सरकार लाहान नगरपालिकाले जमिन उपलब्ध गराए नेपालकै नमुना शहीद संग्राहालय निर्माण गर्ने योजना रहेको छ।'

समृद्ध र सम्पन्न मधेश बनाउन मधेश सरकारले नमुना कार्य गरेर देखाउने मन्त्री यादवले प्रतिबद्धता व्यक्त गरे । उनले भने, 'मधेशीहरुले पहिचान सहितको मधेश पाईसकेको छ, अव यो प्रदेशलाई समृद्ध, सम्पन्न र नमुना प्रदेश बनाउनु छ। सरकार त्यसको लागि प्रतिबद्ध भएर लाग्छ।'

लाहानमा २०६३ सालमा भएको आन्दोलनमा रमेश महतो, प्रमोद सदाय, विजय सहनी र अनिस अन्सारी शहादत प्राप्त गरेका थिए। त्यसपछि प्रत्येक वर्ष माघ ५ गते बलिदानि दिवश मनाउँदै आएको छ।

संङ्घीयताको सुनिश्चितता माँग सहित २ गतेबाट लहानमा प्रदर्शनको दौरानमा भएका भीडन्तमा बन्दकर्ता विद्यार्थी रमेश महतोको मृत्यु भएपछि चर्केको मधेश आन्दोलनमा माघ ५ गते सम्ममा पाँच जनाको मृत्यु भएको थियो ।

श्रद्धाञ्जली कार्यक्रममा मन्त्री सन्जय यादवसहित प्रदेशसभा सदस्यहरु राजकुमार गुप्ता, ललिता दास मधेश प्रदेशका पूर्व मन्त्री सुरेश कुमार मण्डल, जनमत पार्टीका प्रदेशसभा सदस्य सन्जय यादव लगायतकाले सहभागीता रहेको थियो।

# हरिवनमा वडाध्यक्ष र वडासदस्यसंग माण्डवीको अन्तरक्रिया




घनश्याम बलम्पाकी
सर्लाही ६ माघ । सर्लाहीको हरिवनमा शुक्रवार लैङ्गिक समानता तथा स्थानीय सरकारमा निर्वाचित महिला जनप्रतिनिधिहरुको भुमिकाका सम्बन्धमा वडाध्यक्ष र वडासदस्यहरु संगको अन्तरक्रिया गरिएको छ। आइफिएस नेपालको प्राविधिक सहयोग, स्विस सरकार विकास सहयोग (एसडिसी) र अष्ट्रेलियन सरकारको आर्थिक सहयोग र माण्डवीको आयोजनामा बडाध्यक्ष र पुरुष वडासदस्यलाई राखेर अन्तरक्रिया गरिएको हो ।

उनीहरुलाई रमा पौडेल र प्रभु चौधरीले सहजीकरण गरेको माण्डवीका जिल्ला कार्यक्रम अधिकृत मनिल श्रेष्ठल जानकारी दिए ।

माण्डवीका जिल्ला कार्यक्रम अधिकृत मनिल श्रेष्ठको अध्यक्षतामा १ दिने अन्तर्कृया समपन्न भएको छ । शुक्रवारको अन्तरक्रियामा सहभागी वडाध्यक्ष र पुरुष वडासदस्यहरुले महिलालाइ नेतृत्वदायी भुमिकामा ल्याउनका लागि चारवटा प्रतिबद्धता गरेका छन् । कुनै पनि समिति गठनमा महिलालाइ पहिलो प्राथमिकता दिने, घर परिवारमा काम बाँडेर गर्ने र आर्थिक कारोवारमा महिलाको प्राथमिकता, राजनितिक मातृ संगठनमा प्रमुख जिम्मेवारी दिने उपभोक्ता समिति गठनमा प्रमुख पद महिलालाइ दिने प्रतिबद्धता जनाएका हरिवन १ का वडाध्यक्ष टमबहादुर घिसिङले बताए ।

यस परियोजनाले मुख्यतः कार्यक्रम संचालन भएका पालिकाहरुका वडा तहमा निर्वाचित महिलाहरुको योजना तथा निर्णय प्रकृयामा अर्थपुर्ण सहभागिताका लागि समग्र नेतृत्व क्षमता सुदृढ गर्ने लक्ष्य लिएको छ ।

# धोबिनीको स्वास्थ्य संस्थामा छैन सिटामोल



राजन कुमार बानिया
पर्सा, ६ माघ
पर्साको धोबिनी गाउँपालिकाको स्वास्थ्य संस्थाहरुमा औषधी नरहेका कारण सेवाग्राहीहरु रितो हाथ फर्कन बाध्य भएका छन् ।

धोबिनी गाउँपालिकाको वडा नं ४ लंगडी स्वास्थ्य चौकीमा दुई महिना देखि सिटामोल औषधी समेत नरहेको कारण बिरामीहरु स्वास्थ्य संस्था बाट औषधी नलि रितो हाथ फर्कन बाध्य भएका छन् । नेपाल सरकार को स्वास्थ्य संस्थाहरुमा बिश्वास गरेर बिरामीहरु जान्छ तर चेकजाँच पछी औषधी नपाएपछी रितो हाथ फर्कनु परेको सेवाग्राहीहरुको गुनासो छ ।

स्वास्थ्य संस्थाहरुमा सबै भन्दा बढि महत्वपुर्ण औषधी मानिने सिटामोल पनि स्वास्थ्य संस्थाहरुमा नभेटनु दुखद कुरो रहेको स्थानियहरुले गुनासो गरे । स्वास्थ्य चौकी लंगडीमा दैनिक ५० देखि ६० जना बिरामी हरु चेकजाँच गराउन आउछन ।

चेकजांच गराउन आउने विरामीहरुमा बढि गरेर रुघा खोकी र ज्वरोको बिरामी आउने गरेको स्वास्थयकर्मीहरुको भनाई छ । यता स्वास्थ्य संस्थामा चेकजाँच पछी बोखार ज्वरोको सिटामोल औषधी नै नपाउनेले यो स्वास्थ्य संस्थाको के महत्व हुने स्थानीयबासी वताउछन । नेपाल सरकारले स्वास्थ्य चौकीहरुमा प्रत्येक वर्ष औषधी खरिद र कर्मचारी लगायत उपकरणहरुमा लाखौ खर्च गरिरहदा पनि स्थानिय सरकारका जनप्रतिनिधि र कर्मचारीहरुको मोटो कमिशनका कारण सम्यमा औषधी खरिदमा समस्या हुदै आएको स्थानियवासीहरुको आरोप छ ।

धोबिनी गाउँपालिकाको स्वास्थ्य चौकी र स्वास्थ्य प्रमुखहरुको चरम लापरबाहीकाका कारण स्वास्थ्य संस्थामा औषधी समस्या देखिएको स्थानियहरुको गुनासो छ । जनप्रतिनिधिहरुले आफ्नो बिकास निर्माणको काममा कमिशनको झेलमा रहेको कारण जनता हरुको प्रत्यक्ष सोरकारवाला काम स्वास्थ्य सेवामा कुनै किसीमको ध्यान र निरिक्षण नगरिएको कारण स्वास्थ्य संस्थाहरु भगवान भरोसे चल्दै आएको स्थानियवासीहरुको गुनासो छ ।

## ☎☎ महत्वपूर्ण टेलिफोन नम्बरहरु ☎☎

**धनुषा (०४१)**

| | |
|---|---|
| एम्बुलेन्स | १०२, ५२६०९० |
| | ५२६०९१,०४१६२०४९१,५२०२३०, ५२३८६४ |
| | ५२६३६० |
| प्रहरी | १००, ५२००९९ |
| बारुण यन्त्र | ५२००११ |
| जनकपुर अञ्चल अस्पताल | ५२००३३ |
| रक्त संचार केन्द्र (रेडक्रस) | ५२०८७० |
| आँखा अस्पताल | ५२०३९७ |
| विद्युत फ्यूज शाखा | ५२०१५१ |
| एयर पोर्ट | ५२००४४ |
| बुद्ध एयर | ५२५०२२ |
| यति एयरलाइन्स | ५२००४७ |
| जानकी केबुल | ५२३७२८ |
| साह केबुल | ५२४७२२ |
| मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |

**महोत्तरी (०४४)**

| | |
|---|---|
| जलेश्वर अस्पताल | ५२००७० |
| प्रहरी | ५२०००९ |
| एम्बुलेन्स | ५२०१०० |
| विद्युत | ५२००६६, ५२०१६६ |

**रत्नसागर मन्दिर (प्रत्येक दिन)**

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय : | ५:०० बजे |
| बिहान पूजा आरती: | ८:०० बजे |
| भोगराज लाग्ने सयमः | ११:३० बजे |
| निशुल्क अन्न क्षत्रे (दिउँसो): | १२:०० बजे |
| मन्दिर बन्द हुने समयः | १२:०० बजे |
| खुल्ने समय (दिउँसो): | ४:०० बजे |
| रात्री आरती पूजा हुने समयः | ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने सयमः | १०:०० बजे |

## मन्दिरको समय

**जानकी मन्दिर (प्रत्यके दिन)**

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय : | ०५:०० बजे |
| बिहान पूजा आरती : | ०७:०० बजे |
| बिहान ढोका बन्द : | १२:०० बजे |
| अन्न क्षत्रे : | निःशूल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय : | ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझझा : | ०७:३० बजे |


**राम मन्दिर (प्रत्येक दिन)**

| | |
|---|---|
| बिहान ढोका खूल्ने समय : | ०५:०० बजे |
| मंगल आरती : | ०७:३० बजे |
| महाप्रसाद भोग : | १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय : | ०३:३० बजे |
| सन्ध्या पुजा आरती साँझ : | ०७:०० बजे |
| रात्रि भोग : | ०९:०० बजे |
| पट बन्द : | ०९:१५ बजे |

दर्शन

# अष्टावक्रको दार्शनिक चिन्तन

*अष्टावक्र अरू कोही नभई तत्कालीन मिथिलाका राजा जनकका गुरु हुन् । मिथिलाका राजालाई जनक भनिन्थ्यो र त्यसमध्ये अष्टावक्रका शिष्य जनक मिथिला पुत्री सीताकै पिता हुन् भन्ने तार्किक विश्वास पाइन्छ । राजा जनकको मिथिला नै हालको जनकपुर हो जुन नेपाल राज्य अन्तर्गत पर्दछ र अष्टावक्रले पनि मिथिलामै बसेर राजा जनकलाई उपदेश दिएकाले उनी पनि नेपाली इतिहास र नेपाली दर्शनमा स्वतः अट्ने पात्र हुन् ।*




**– अकेशन भट्टराई**

अष्टावक्रको दार्शनिक चिन्तन अष्टावक्र गीतामा लेखिएका तिनै शब्दले जनकमा जे घट्नु थियो, जे बोध हुनु थियो त्यो भयो तर तिनै शब्दले हामीलाई चाहिँ किन बोध हुन सकेन ? किन मौन हुन सकिएन र अद्वेतको बोध हुन सकेन ? अष्टावक्रको दर्शन जनकका लागि मात्र हैन तपाईं, म र हामी सबैका लागि हो । प्यासीका लागि यो शास्त्रको महत्व पाँच हजार वर्षअघि जति थियो अहिले पनि त्यति नै छ र पाँच हजार वर्षपछि पनि त्यति नै रहनेछ ।

'अनात्मनस्तु शत्रुत्वे वर्तेतात्मैव शत्रुवत्' अर्थात् जो आफूलाई जान्दैन त्यो आफ्नै शत्रुतुल्य छ । आफूलाई जान्न, आफू आफ्नै शत्रु हुनबाट बच्न, आफूले आफूलाई चिह्न तथा म को हुँ ? भनी बोध गराउन धेरै महापुरुष तथा सद्गुरुहरूले जन्म लिनुभयो । हामीले उहाँहरूलाई चिन्न सकेनौँ र अहिले त्यस्ता कति सन्त, योगी, महात्माहरूको नाम-परिचय नै छैन ।

उहाँहरू चतुराक्षर शब्द इतिहासकै भएर पनि अस्तित्वको इतिहासमै मात्र अट्नुभयो, हाम्रो इतिहासमा अट्नु भएन । तैपनि हामी भाग्यमानी छौँ र गर्व गरौँ कि हाम्रो इतिहास र हाम्रो दर्शनमा दर्शन प्राप्त द्रष्टा अष्टावक्र हुनुहुन्छ । जो एक्लैको छहारीमा सबैले शीतलता प्राप्त गर्न सक्छौँ । जसका वाणीका वाणले अज्ञानता र अन्धकारको जालो छेडी ज्ञानको आभामा प्रवेश गर्न सक्छौँ । जसको सामीप्यमा नबलेको दीपले ज्योति प्राप्त गर्छ भने मन्द ज्योति प्रज्वलित भई बल्छ ।

**को हुन् अष्टावक्र ?**

अष्टावक्र अरूकोही नभई तत्कालीन मिथिलाका राजा जनकका गुरु हुन् ।मिथिलाका राजालाई जनक भनिन्थ्यो र त्यसमध्ये अष्टावक्रका शिष्य जनक मिथिला पुत्री सीताकै पिता हुन् भन्ने तार्किक विश्वास पाइन्छ । राजा जनकको मिथिला नै हालको जनकपुर हो जुन नेपाल राज्य अन्तर्गत पर्दछ र अष्टावक्रले पनि मिथिलामै बसेर राजा जनकलाई उपदेश दिएकाले उनी पनि नेपाली इतिहास र नेपाली दर्शनमा स्वतः अट्ने पात्र हुन् । धौम्य ऋषिका गुरुभक्त शिष्य आरुणि अर्थात् उद्दालकले आफ्ना प्रिय शिष्य कहोड़लाई वेदादि सम्पूर्ण शास्त्रको शिक्षा दिएर आफ्नी रूपवती एवं गुणवती कन्या सुजताको विवाह उनीसँग गराइदिए । विवाहको केही समयपछि सुजता गर्भवती भइन् । सदा झैँ जब कहोड़ वेदपाठ गर्दै थिए तब सुजताको गर्भभित्रबाट एक्कासि बालकको आवाज आयो, "अब रोक्नुस् पिताजी, यो सबै बकवास हो । यसमा केही ज्ञान छैन मात्र शब्दको सङ्ग्रह हो । शास्त्रमा ज्ञान कहाँ छ ? ज्ञान त स्वयम्मा छ । शब्दमा सत्य कहाँ छ ? सत्य त स्वयम्मा छ ।" यसरी नजन्मेको बच्चाले गर्भमै छँदादेखि वेदका ऋचालाई असत्य तथा वेदविरोधी अपमानजनक शब्द सुन्दा पिता कहोड़ निरास भई "जन्मदा शरीर आठ ठाउँमा बाङ्गिएको, अष्टावक्र भएर जन्मिएस्" भनी बच्चालाई श्राप दिएकाले जन्मदा शरीर पनि सोही अनुरूपको भएकाले उनको नाम नै अष्टावक्र रह्यो भन्ने किंवदन्ती भेटिन्छ ।अष्टावक्रको उद्घोष र अष्टावक्र गीताको जन्मराजा जनकको दरबारमा शास्त्रार्थ हुने गर्थ्यो । एक दिन जब किशोर अष्टावक्र त्यस सभामा पुगे तब सबैजना अष्टावक्रको शरीर देखेर हाँसे र अष्टावक्र आफू स्वयं पनि हाँसे । उनी पनि हाँसेको देखेर आश्चर्य मान्दै "सभाका सबैजना तिमीलाई देखेर हाँसे तर तिमी चाहिँ किन हाँस्यौ ?" भनी जनकले प्रश्न गर्दा अष्टावक्रले भने "म नदेखी मेरो छाला र शरीर मात्र देख्ने चमारहरूको सभा देखेर हाँसेको हुँ राजन ।" त्यति सानो बालकको यस्तो गहन जवाफ सुन्दा जनक यति धेरै प्रभावित भए कि उनी बालक अष्टावक्रको शरणमा परी "ज्ञान कसरी प्राप्त हुन्छ ? मुक्ति कसरी मिल्छ ? वैराग्य कसरी हुन्छ ? हे प्रभु, मलाई बताउनुहोस्" भन्ने जनकको प्रश्नसँगै अष्टावक्र गीता प्रारम्भ भएको छ ।

'अष्टावक्र गीता' राजा जनकको ज्ञान प्राप्ति र मुक्तिको जिज्ञासामा अष्टावक्रको मुखारविन्दबाट निस्केका दिव्योपदेशलाई राजा जनकले सङ्ग्रहित गरी बनाएको एक ग्रन्थ हो ।

लाओत्सेको प्रख्यात पुस्तक ताओ ते चिङग नै उनलाई चिन्ने र चिनाउने माध्यम भएजस्तै अष्टावक्रको जीवनका घटनाक्रमहरू खासै नभेटिए पनि अद्वेत वेदान्तको महत्वपूर्ण ग्रन्थ 'अष्टावक्र गीता' हाम्रो सामुन्ने छ । अष्टावक्र गीताको गहिराइ अष्टावक्र गीताको अध्ययन गर्दा र पढ्दा जान्नै पर्ने, बुझ्नै पर्ने कुरा यो छ कि पूरै अष्टावक्र गीतामा; अष्टावक्र जनकको शरीरसँग बोलेका हैनन् ! जनकको मनसँग पनि बोलेका हैनन् न त उनको बुद्धिसँगै बोलेका हुन् ।

त्यसो भए अष्टावक्र कोसँग बोलेका हुन् त ? विचार गरौँ त, हामी शिव नामको कसैसँग बोल्दै छौँ भने केलाई शिव ठानेर बोल्दै छौँ ? उनको शरीर, उनको मन, या उनको बुद्धि ? हाम्रो उत्तर यिनै तीनमध्ये एक हुन्छ । तर अष्टावक्रको दृष्टि यति शुद्ध थियो कि उनले जनकलाई हेर्दा त्यो निराकार र शाश्वत नै देखे । 'जनकको घर' भने जस्तै शरीर पो जनकको हो त तर यस 'जनकको' शब्दमा 'को' हटाउने हो भने बाँकी रहेको 'जनक' चाहिँ को हो त ? अष्टावक्र उनीसँगै बोल्दै थिए जो साँच्चैमा जनक हो, साक्षी हो, चेतन तत्व द्रष्टा हो ।हामीमा अष्टावक्र गीता भित्रको यो रहस्यको बोध भयो भने अष्टावक्र गीता मात्र हैन, वेदादि सम्पूर्ण शास्त्रहरूको सार बुझ्यौं ।

अष्टावक्र गीताको आदिदेखि इतिसम्म अष्टावक्रले जनकलाई विस्मरण भएको यही कुराको स्मरण गराउँदै छन् कि "तिम्रो स्वरूप यस्तो छ, तिम्रो स्वभाव यस्तो छ, तिम्रो गुण यस्तो छ । हे प्रिय शिष्य जनक तिमी यो हैनौं, त्यो हैनौं । सुख-दुःख, बन्धन-मोक्ष, धर्म-अधर्म, शुभ-अशुभ यी यस्ता कुनै सम्बन्ध तिम्रा लागि हैन । पञ्चमहाभूत तिमी हैनौँ । तिमी जो छौँ आफूमा शुद्ध छौँ । शक्ति, शान्ति र ज्ञान तीनैले परिपूर्ण छौँ । पवित्र, प्रेमपूर्ण, अविनाशी तथा आनन्दित छौँ । विषयलाई विष समान छाडिदेऊ र क्षमा, दया, करुणा, सन्तोष र सत्यको अमृत समान सेवन गर । तिम्रो बन्धन यही हो कि तिमी आफूलाई छोडेर बाँकी सबैलाई द्रष्टा देख्छौ । आफ्नो स्वरूप भुलेर एक नदेखि संसार देखिरहेका छौ तर अद्वेत नै तिमी हौ । तिमी आँखा आदि इन्द्रियको विषय हैनौ । तिमी त असंग र निराकार सबैको साक्षी चेतना हौ, यही सत्य हो । यो संसार भ्रम मात्र हो । तिम्रै अज्ञानका कारणले संसार रहेको अनुभव भएको हो । संसार रूपी समुद्रमा तिमी नै एक मात्र थियौ, छौ र हुनेछौ । सबै ठाउँमा अल्झिएको ध्यानलाई त्याग गरी हृदयमा केही पनि धारण नगर तिमी मुक्तस्वरूप आत्मा हौ ।"

अन्य शास्त्रभन्दा अष्टावक्र गीताको विशेष महानता अष्टावक्रले त्यस उचाइबाट बोलेका छन् जुन द्रष्टालाई दर्शनमा उतार्न सक्ने अन्तिम विन्दु हो । पतञ्जलीको अष्टाङ्ग योगका यम, नियम, आसन, प्राणायाम, प्रत्याहार, धारणा, ध्यान, समाधिजस्ता कुनै मार्गका कुरा नगरी अष्टावक्रले अन्तिम जे हो; एकैचोटि त्यही समाधिको अवस्थाको सम भावको बारेमा बोलेका छन् । उनले भक्ति, साधना, अनुशासन आदिको केही कुरै गरेनन् तर यी सबैबाट पुगिने अन्तिम कैवल्यको बारेमा बोल्दै "तिमी नै कैवल्य हौ" भनी जनकलाई भनेका छन् । 'आप( रूले आफूलाई चिन्नु' नै अध्यात्म हो र उनको पूरै जोड अध्यात्ममा देखिन्छ । वेद, उपनिषद्, पुराण, कुरान, बाइबल, धम्मपद, वचनामृत, स्मृति ग्रन्थलगायतका सम्पूर्ण धर्मग्रन्थ र वेदान्तको सार नै अष्टावक्रले इसारा गरेको तत्व ज्ञान हो । शास्त्र शशी हैन तर शास्त्रले शशीको इसारा गरेको छ । शास्त्रीय ज्ञान कहाँ आत्मज्ञान हो र ! तत्व ज्ञानको वा भनौं स्वयम्को बोध भएपछि शास्त्रको गङ्गा आफैँबाट बग्नेछ तर शास्त्र रट्दैमा ज्ञानको समुद्र र आत्माको गहिराइमा कहिल्यै पुग्न सकिँदैन ।

सायद अष्टावक्रले गर्भमा छँदा यही भन्न खोज्नुभएको थियो होला न कि वेदको अपमान गर्न खोज्नु भएको ।मुमुक्षुका लागि अष्टावक्र गीता यसरी अष्टावक्रले भन्दाभन्दै त्यतिखेरै जनकलाई बोध भई स्वयम् आफैँबाट ज्ञान प्रवाहित भई "म यो हुँ, यस्तो हुँ" भनी जनकले पनि अष्टावक्रलाई सुनाएको कुरा अष्टावक्र गीतामा भेट्न सकिन्छ । अष्टावक्र गीतामा लेखिएका तिनै शब्दले जनकमा जे घट्नु थियो, जे बोध हुनु थियो त्यो भयो तर तिनै शब्दले हामीलाई चाहिँ किन बोध हुन सकेन ? किन मौन हुन सकिएन र अद्वेतको बोध हुन सकेन ? अष्टावक्रको दर्शन जनकका लागि मात्र हैन तपाईं, म र हामी सबैका लागि हो । प्यासीका लागि यो शास्त्रको महत्व पाँच हजार वर्षअघि जति थियो अहिले पनि त्यति नै छ र पाँच हजार वर्षपछि पनि त्यति नै रहनेछ ।

तथापि यो शास्त्र जनमानस माझ ओझेल पर्नुमा एक मात्रै कारण यसको महानता हो किनकि यसका कुरा नै गुह्य छन् । कुरु क्षेत्रबाट श्रीकृष्णले श्रीमद्भगवद्गीताको उपदेश दिनुभएको थियो भने मिथिलाबाट गुरु अष्टावक्रले अष्टावक्र गीताको । सन्त र सज्जनहरू जन्मने यस भूमिमा अष्टावक्र गीताले सुनमाथि सुगन्ध थपेको छ ।

अष्टावक्रले औँल्याएको बाटो लागौँ सुन्दर र शान्त नेपाल बन्छ र हामी पनि हाम्रा राष्ट्रिय विभूति जनक जस्तै ज्ञानी बन्छौँ । सुख, सत्य तथा ज्ञान प्रप्तिका लागि जनक जति प्यासी थिए हामी पनि त्यति नै प्यासी र आतुर छौँ ।

यति मात्र फरक छ कि अन्ततः जनकले आफूमा खोजे तर हामी भने अझै पनि बाहिरै खोजिरहेका छौँ । प्यास उठेको त आफैँभित्रबाट हो नि तर हामी बाहिर खोज्छौँ ।सुख नै खोज्न तिमीभित्र हेरतिर्खा लागे हुन्छ कहाँ पौडेरभित्रको अन्धकार मेटाउनलाइ हुँदैन कहिल्यै बाहिर दियो जलाई खोजेर भेटिन्न है त्यो कहिल्यै तिम्रै साथमा हुन्छ त्यो जहिल्यै रोकेर तिमी बाहिरको दौडधुपमा बसेर एकछिन चिन आफ्नो रूपको म को हुँ ? भन्ने कुरा थाहा पाए हुन्छ, अज्ञान त्यसै आगोमा परी हुन्छ स्वाहा ।

(साभारः मधुपर्क, २०७९ पुस)

> “ 'अष्टावक्र गीता' राजा जनकको ज्ञान प्राप्ति र मुक्तिको जिज्ञासामा अष्टावक्रको मुखारविन्दबाट निस्केका दिव्योपदेशलाई राजा जनकले सङ्ग्रहित गरी बनाएको एक ग्रन्थ हो । लाओत्सेको प्रख्यात पुस्तक ताओ ते चिङग नै उनलाई चिन्ने र चिनाउने माध्यम भएजस्तै अष्टावक्रको जीवनका घटनाक्रमहरू खासै नभेटिए पनि अद्वेत वेदान्तको महत्वपूर्ण ग्रन्थ ' अष्टावक्र गीता' हाम्रो सामुन्ने छ ।

कथा

# भुलक्कड परिवेश



**– अकेशन भट्टराई**

आज वर्षा ऋतुको कुनै एक महिनाको पहिलो शनिबार ।हरेक महिनाको पहिलो शनिबार प्रदर्शनीमार्गस्थित एक क्याम्पसमा साहित्य सन्ध्याले नियमित रूपमा कविता गोष्ठीको आयोजना गर्दै आइरहेको छ।

सधैँ झैं आज पनि उसले कविता सुनायो । कार्यक्रम सकिएपछि बाहिर निस्कियो । वर्षायाम भएकाले अलमल नगरी आफ्नो घर चाबेलतिर जाने बसमा चढ्यो । बस गुड्यो, बस बाहिर राम्रैसँग पानी पर्न थाल्यो । बसभित्र ऊ सोच्न थाल्यो- आज आफूले सुनाएको कविता र स्रोताहरूले दिएको प्रतिक्रिया। प्रतिक्रिया प्रायः राम्रै थिए । ठाउँठाउँमा रोक्दै यात्रुहरूलाई ओराल्दै, चढाउँदै बस चाबेल चोकमा आइपुग्यो र रोकियो । ऊ ओर्लियो ।

मैले भन्नै बिर्सेको (सायद म पनि भुलक्कड) ऊ अर्थात् कवि परिवेश । अझ खासमा उसको पूरा नाम त अक्षयराम प्रसाद शर्मा हो । साहित्यतिर लाग्न थालेपछि उसलाई सोध्न थालियो, 'तपाईं केलाई आधार बनाएर लेख्नुहुन्छ ?' ऊ उत्तर दिनेगर्थ्यो, 'म आफूले देखेको, पढेको भोगेको परिवेशबाट प्रेरित भएर रचना रच्ने गर्दछु ।' अनि एक दिन कुनै बुजुक विद्वान्ले सल्लाह दिँदै भने, 'त्यसो भए तपाईं आफ्नो उपनाम परिवेश' राख्नुहोस् ।' उसले मनन गयो र ठिक ठान्यो । त्यसपछि उसले नाम छोट्याएर उपनाम राख्यो र लेख्न थाल्यो- अक्षय परिवेश। अचेल ऊ स्थापित स्रष्टा र चर्चित कवि भइरहेको छ। अझ सम्बोधन गर्दा त 'कवि परिवेश' हुन थालेको छ।

कवि परिवेशले यसो चारैतिर हेर्यो। सडक जाम छ ।

मोटर जाम भएर ? होइन । ढल जाम भएर पानी जाम भयो । पानी जाम भएर सडक जाम भयो । गाडीहरू त तै विशेष हुत्तिएर भए पनि गुडेकै छन् तर मोटरसाइकल, साइकल र पैदलयात्रीहरूको बिजोग छ। घुमाउरो भए पनि पानी नजमेको बाटो रोज्यो कवि परिवेशले र फटाफट लम्क्यो, पानी थामिएको छैन । ऊ जतिजति अगाडि बढ्दै गयो, दायाँबायाँ किनारका पसलमा ओत लागेका मानिसहरू उसलाई हेरेर हाँस्दै छन् । ऊ निश्रुक्क भिजे पनि लगातार हिँडिरह्यो । मानिसहरू उसलाई पुलुपुलु हेरेर एक आपसमा खासखास खुसखुस गर्दै हाँसिरहेछन् । ऊ अन्योलमा पर्यो, 'उसलाई हेरेर किन हाँस्छन् ?' यसो सोच्यो, 'कतै मैले पाइन्टको फस्नर पो लगाइनँ कि ?' छाम्यो फस्नर । लगाएकै छ फस्नर र आ जेसुकै होस् भनेर फेरि अगाडि बढ्यो । पानी रोकिने छाँटै छैन । अलिपर पुगेपछि एक जना उसको मिल्ने मित्रले बोलायो, 'ए कवि परिवेश । यता आऊ त ।' आफ्नै मित्रले बोलाएको हुँदा ऊ नगिच गयो ।

मित्रले भने, 'के हो तिम्रो ताल ? पानी परिरहेको हातमा छ यसरी भिजेर हिँड्ने हो ?' परिवेशले भन्यो, 'के गर्नु त कविता फुरिरहेको छ, चाँडै घर पुगेर लेखिहालौँ भनेर नरोकिएको।' मित्रले भने, 'नरोकिए पनि छाता ओढ्नुपर्दैन त ?' परिवेशले भन्यो, 'छाता भए पो ओढ्नु ।' मित्रले हाँसेर भने, 'धत् कवि त्यो तिम्रो के त ?' परिवेशले आफ्नो हातमा हेयो । लाज माने मैं मुन्टो निहुर्‍याउँदै भन्यो- 'आच्या ! हो त छाता रहेछ, माफ गर है, तिमीलाई धेरैधेरै धन्यवाद छ ! तर अगिदेखि मलाई हेरेर मानिसहरू किन हाँस्छन् भन्ने ठानेको त कारण यो पो रहेछ । ल मैले त बिर्सेछु । यिनीहरू हाँस्नुको सट्टा भनिदिएको भए म भिज्थें ? मैले बिर्से, यिनीहरूले भन्न भुले, कस्ता भुलक्कडहरू !' भन्दै छाता उघारेर ओढ्दै कवि परिवेश आफ्नो बाटो लाग्यो । मित्रले सोचे- 'हो त नि !'

(यो कथा हामीले शब्दसोपान डटकमबाट साभार लिएका हौं)

> “ सधैँ झैं आज पनि उसले कविता सुनायो । कार्यक्रम सकिएपछि बाहिर निस्कियो । वर्षायाम भएकाले अलमल नगरी आफ्नो घर चाबेलतिर जाने बसमा चढ्यो । बस गुड्यो, बस बाहिर राम्रैसँग पानी पर्न थाल्यो । बसभित्र ऊ सोच्न थाल्यो- आज आफूले सुनाएको कविता र स्रोताहरूले दिएको प्रतिक्रिया। प्रतिक्रिया प्रायः राम्रै थिए ।

# सुनको मूल्य तोलाको २ लाख आसपास पुग्ने अनुमान !



काठमाडौं, ६ माघ । गत पुसको पहिलो साता सिंगापुरका केही विश्लेषकहरूले सन् २०२३ मा सुनको मूल्य प्रतिऔंस चार हजार डलरसम्म पुग्ने अनुमान गरे। अहिले अन्तर्राष्ट्रिय बजारमा सुन प्रतिऔंस एक हजार नौ सय ३० डलरमा कारोबार भइरहेको छ। नेपालमा प्रतितोला एक लाख पाँच हजार दुई सय रूपैयाँमा कारोबार भइरहेको छ।

सिंगापुरमा मुख्यालय रहेको स्विस एसिया क्यापिटलका प्रबन्ध निर्देशक तथा चिफ इन्भेस्टमेन्ट अफिसर यर्ग काइनरले सन् २०२३ मा सुनको मूल्य प्रतिऔंस दुई हजार पाँच सयदेखि चार हजार डलरसम्म पुग्ने प्रक्षेपण गरेको अन्तर्राष्ट्रिय सञ्चार माध्यम सिएनबिसीले उल्लेख गरेको छ।

सुनको तौल प्रतिऔंस बराबर ३१.१ ग्राम हुन्छ। सुनबाहेक अन्य वस्तुमा भने प्रतिऔंस बराबर २८.३४ ग्रामले हिसाब गरिन्छ। त्यस्तै प्रतितोला सुन ११.६६४ ग्राम बराबर हुन्छ।

अहिले डलरको बिनिमयदर एक सय ३० रूपैयाँ छ।

काइनरको प्रक्षेपण अनुसार प्रतिऔंस सुनको मूल्य साँच्चिकै चार हजार डलरसम्म पुगेमा नेपालमा प्रतिऔंस सुनको करिब पाँच लाख २० हजार रूपैयाँ पर्न आउँछ। यस आधारमा प्रतिग्राम सुनको नेपालमा १६ हजार सात सय २० रूपैयाँ पर्नेछ भने एक तोला सुन (११.६६४ ग्राम) को एक लाख ९५ हजार रूपैयाँ पर्नेछ।

त्यस्तै हाल सुन आयात गर्दा प्रति दस ग्राम आठ हजार पाँच सय रूपैयाँ भन्सार कर लाग्ने गरेको छ।

अन्तर्राष्ट्रिय बजारमा हुने सुनको मूल्य निर्धारणले नै नेपाली बजारमा पनि मूल्य निर्धारण हुन्छ। नेपाली बजारको मागले मूल्यमा खासै भूमिका खेल्दैन। नेपालमा रहेका सुनचाँदी व्यवसायी महासंघहरूले जुन दिन सुनको मूल्य तोक्ने हो, सोही दिन ११ बजेसम्म अन्तर्राष्ट्रिय बजारमा कायम हुने मूल्यलाई आधार लिन्छन्।

काइनर सन् २०२३ मा १०/२० प्रतिशतको मात्रै वृद्धि नहुने दाबी गर्छन्। काइनरले दाबी गरेजस्तो सुनको मूल्य प्रतिऔंस ४ हजार डलर नै पुग्ने दाबी स्वीकार गर्न नसकिए पनि धेरैले सुनको मूल्यमा राम्रै वृद्धि देखिने विश्वास भने गरेका छन्।

भारतीय सञ्चारमाध्यम बिजनेस टुडेले विज्ञहरूका अनुसार भन्दै त्यहाँ प्रति दस ग्राम सुनको मूल्य ६२ हजार भारूसम्म पुग्ने समाचारमा उल्लेख गरेको छ। यही दरसम्म पुग्ने हो भने पनि नेपालमा प्रतितोला सुनको मूल्य कम्तीमा एक लाख १६ हजारको आसपासमा भने आउनेछ।

मूलतः सन् २०२३ मा विश्वभर आर्थिक मन्दी आउनसक्ने सम्भावना बढेकाले तुलनात्मक रूपमा सुरक्षित र सर्वस्वीकार्य सम्पत्तिका रूपमा मानिने सुनको मूल्य बढ्ने अनुमान गरिएको हो। विश्वभरका केन्द्रीय बैंकहरूले नै सुनको खरिददारी बढाइरहेकाले पनि सन् २०२२ मै सूनको मूल्य उच्च दरमा वृद्धि भएको मानिएको छ। सन् २०२२ मार्चमा प्रतिऔंस सुनको मूल्य दुई हजार ७५ डलरसम्म पुगेको थियो।

भारतको आइसिआइसिआई डाक्रेक्टको रिपोर्टले सन् २०२३ मा पनि केन्द्रीय बैंकहरूबाट सुनको खरिददारी उच्च हुनसक्ने अनुमान गरेको छ । अन्तर्राष्ट्रिय सञ्चार माध्यमहरूका अनुसार विश्वभरका केन्द्रीय बैंकहरूले सन् १९६७ यताकै उच्च दरमा सुनमा लगानी बढाएका छन्।

द वर्ल्ड काउन्सिलका अनुसार अघिल्लो वर्ष सन् २०२२ को जनवरीदेखि नोभेम्बरसम्ममा मात्रै विश्वभरका केन्द्रीय बैंकहरूले ६ सय ७३ टन सुन खरिद गरेका छन् । चीन र रसियाले सुनको खरिददारी उच्च दरमा बढाएको आशंका गरिएको छ ।

# संकटमा राफ्टिङ, व्यवसायी भन्छन–करोडौं रूपैया डुब्दैछ



काठमाडौं, ६ माघ । झन्डै तीन दशकअघि नेपालको साहसिक पर्यटनको सूचीमा राफ्टिङ अग्रस्थानमा थियो। हिमाल चढ्न आउने विदेशीहरू आरोहणपछि राफ्टिङ गरेर फर्किन्थे। धेरै त यसकै लागि मात्र पनि आउँथे।

तर अहिले राफ्टिङ व्यवसाय लगभग शून्यजस्तै भएको छ। नयाँनयाँ पर्यटकीय गतिविधि र रोमाञ्चक साहसिक खेलहरू थपिएसँगै राफ्टिङ व्यवसाय ओझेल पर्दै गएको नेपाल एसोसिएसन अफ राफ्टिङ (नारा) ले जनाएको छ।

नाराका अध्यक्ष शिव अधिकारीका अनुसार एक दशकअघि वार्षिक रूपमा सात/आठ लाख पर्यटक नेपाल आउँथे। त्यो बेलासम्म पनि आधाजसो पर्यटक राफ्टिङ गरेर फर्किन्थे।

'विदेशी पर्यटक सफा पानीमा खेल्न र रमाउन आउँथे,' उनले भने, 'धेरै सेवासुविधा नभए पनि राफ्टिङको मनोरञ्जन पर्यटकको रोजाइमा थियो। नेपाल आउने ५० प्रतिशत पर्यटक राफ्टिङ गर्थे।'

अहिले यो संख्या ह्वात्तै घटेको उनी बताउँछन्। राफ्टिङ हुने नदीहरूमा विदेशी पर्यटक भेट्नसमेत मुश्किल भइसकेको उनले बताए।

उनका अनुसार नदीमा रमाउन विदेशी पर्यटकहरू प्रायः एकदेखि तीन सातासम्मको प्याकेजमा आउँथे। खोलामै टेन्ट हालेर बस्थे, राफ्टिङ र कायाकिङ गर्दै प्रकृतिसँग रमाउँथे। लामो बसाइ भएकाले उनीहरूको खर्च बढ्थ्यो।

'हिमाल आरोहण र राफ्टिङ भनेको पर्यटकले धेरै खर्च गर्ने गतिविधि हुन्,' उनले भने, 'तर राफ्टिङमा पहिलेजस्तो आकर्षण छैन।'

विदेशी पर्यटक नभएपछि राफ्टिङ व्यवसायीहरू चिन्तामा छन्। आन्तरिक पर्यटनले जसोतसो चलेको मात्र छ। भरपर्दो आम्दानी र लगानीको सुनिश्चितता भने नभएको उनीहरू बताउँछन्।

नाराका पूर्वअध्यक्ष तथा राफ्टिङ व्यवसायी महेन्द्र थापा यो व्यवसाय नै संकटमा पर्दै गएको गुनासो गर्छन्।

'पहिले शत प्रतिशत व्यापार विदेशीबाट हुन्थ्यो। अहिले जेनतेन चलेको मात्र छ,' उनले भने, 'लाखौं रूपैयाँ, समय र मेहनतको लगानी डुब्ने अवस्था नआउला भन्न सकिँदैन। राफ्टिङको इतिहास नै मेटिने खतरा छ।'

उनले थपे, 'केही वर्षअघि सबभन्दा बढी डलर कमाउने कम्पनीमा परेर सम्मान पाएको थियो। अहिले १० प्रतिशत विदेशी ल्याउन हम्मे छ।'

थापाले भोटेकोशी र त्रिशुलीमा राफ्टिङ कम्पनी सञ्चालन गरिरहेका छन्। राफ्टिङ व्यवसाय चम्केका बेला उनले तालिम लिएर काम थालेका थिए। पछि भोटेकोशीमा सुकुटे-बिच र त्रिशुलीमा गोरखा-बिच पनि सञ्चालनमा ल्याए ।

करिब एक दशक राम्रै व्यवसाय चलाए। माओवादी युद्ध सुरू भएपछि भने व्यापार खस्किन थालेको उनी बताउँछन्।

'सुरूमा जति आकर्षण थियो, युद्धका कारण बिस्तारै हराउँदै गयो। युद्ध सकिएपछि पनि विदेशीहरूले जंगल, खोला, नदीहरू रूचाएनन्,' उनले भने।

लामो समयसम्म देशको अवस्था अस्थिर हुँदा राफ्टिङ सुस्त भएको थियो। तंग्रिन नपाउँदै भूकम्प आयो। त्यसपछि अलिअलि भएको सम्भावना पनि कोरोना महामारीले ठप्प पारिदिएको उनी बताउँछन्।

अचेल विदेशी पर्यटकहरू अरू साहसिक खेल र गतिविधिमा आकर्षित छन्। राफ्टिङमा आन्तरिक पर्यटकको रूचि देखिन्छ। तर स्वदेशीभन्दा विदेशी पर्यटकको खर्चले देशलाई फाइदा हुने अध्यक्ष अधिकारी बताउँछन्।

'आन्तरिक पर्यटकले जति नै खर्च गरे पनि त्यो खर्च आफूसँग भएको पैसा परिवारलाई दिए जस्तै हो,' उनी भन्छन्, 'विदेशीले खर्च गर्दा देशलाई फाइदा हुन्छ।'

देशभर वार्षिक २५ लाख मानिसलाई राफ्टिङ खेलाउने र राति बसाउन सक्ने (नाइट-स्टे) क्षमता छ। अहिले वार्षिक १२ लाखले खेल्छन्। त्यसमा पनि विदेशी पर्यटक ५ प्रतिशत मात्र छन्। बाँकी सबै आन्तरिक पर्यटक हुन्।

अधिकारीका अनुसार राफ्टिङ संकटमा पर्नुको कारण नदीहरूमा जलविद्युत आयोजना हुनु पनि हो। हाल त्रिशुली, भोटेकोशी, सुनकोशी, कालीगण्डकी, मर्स्याङ्दी, बुढी गण्डकी, सेती, कर्णाली, भेरी, तमोर, अरूण लगायत विभिन्न १६ वटा नदीमा राफ्टिङ सञ्चालनमा छ। सरकारले यी नदीभित्र १६ वटा गन्तव्य तोकेर विभिन्न स्तरका राफ्टिङ सञ्चालन गर्न अनुमति दिएको छ ।

'यीमध्ये ८० प्रतिशत नदीमा हाइड्रोपावर छन् जसले गर्दा हामीलाई मुश्किल परेको छ,' उनले भने, 'जस्तै कर्णाली नदी राफ्टिङका लागि संसारकै उत्कृष्टमध्ये पर्छ। तर यहाँ जलविद्युत आयोजना सुरू हुन लागेकाले राफ्टिङको अस्तित्व मेटिँदै गएको छ ।'

त्यस्तै मर्स्याङ्दीमा हुने ५ दिने राफ्टिङ जलविद्युत आयोजनाकै कारण एक दिनमा झरेको उनले बताए। कालीगण्डकी नदीमा पनि ५ दिने राफ्टिङ प्याकेज तीन दिनमा झरेको छ ।

भोटेकोशी र त्रिशुलीको पनि अवस्था उस्तै छ ।

'त्रिशुलीबाट नेपालमा राफ्टिङ सुरू भएको थियो। राफ्टिङ बचाउन नाराले कतिपय खोलामा मुद्दा समेत हालेको छ,' अधिकारीले भने, 'तर सरकार गम्भीर भइदिएन ।'

अधिकारीका अनुसार राफ्टिङ सञ्चालन गर्न आवश्यक सबै सामग्री विदेशबाट ल्याउनुपर्छ। सामान्यतया एउटा राफ्टिङ कम्पनी चलाउन ४० लाख रूपैयाँभन्दा धेरै खर्च हुन्छ। राफ्टिङका लागि आउने पर्यटकका लागि थुप्रै व्यवसायीले रिसोर्ट पनि खोलेका छन् ।

तर पछिल्ला केही वर्षयता राफ्टिङ कम्पनी धमाधम बन्द भइरहेका छन्। केही वर्षअघिसम्म १२० वटा राफ्टिङ कम्पनी थिए । अहिले ६० वटा मात्र छन्। अरू कतिपय पनि बन्द हुने क्रममा छन् । 'व्यवसायीहरूले नदी किनारमा करोडौं रकम खर्च गरिसकेका छन्। तर सबै लगानी डुब्दैछ,' उनी भन्छन्, 'सरकारले हामी र हाइड्रोपावरका निकायलाई राखेर सल्लाह नगर्दा दुई पक्षबीच द्वन्द्व पनि सिर्जना भइरहेको छ ।'

अनुसन्धान र छलफलबिनै नै राफ्टिङ र जलविद्युत दुवैलाई अनुमति दिएको भन्दै उनले गुनासो व्यक्त गरे। राफ्टिङमा विदेशीको संख्या बढाउन सरकार र सम्बन्धित सबै निकायले हातेमालो गर्दै अघि बढ्नुपर्ने उनको भनाइ छ ।

# रसुवागढी नाका माघ २० गतेसम्मका लागि बन्द



६ माघ, काठमाडौँ । रसुवागढी-केरुङ नाका माघ २० गतेसम्मका लागि बन्द भएको छ ।

रसुवा भन्सार कार्यालयका प्रमुख भन्सार अधिकृत नारायणप्रसाद भण्डारीले चीनले नयाँ वर्षका लागि भनेर आगामी फेब्रुअरी ३ सम्म नाका बन्द गरेको जानकारी दिए ।

रसुवा भन्सार कार्यालयका प्रमुख भन्सार अधिकृत नारायणप्रसाद भण्डारीका अनुसार करिब एक महिना अवधिमा नेपालबाट ३९ कन्टेनर सामान चीन निर्यात भएको छ । उनले भने, 'नेपालबाट अहिलेसम्म करिब रु छ करोड बराबरको ३९ कन्टेनर सामान चीनतर्फ गएको छ । चीनबाट भने दैनिक १४ कन्टेनर सामान नेपाल आउने गरेकोमा आजबाट त्यो पनि बन्द भएको छ। '

रसुवागढी-केरुङ नाकाबाट हुने व्यापारमा पनि चीनले लामो समय रोक लगाएको थियो । कोभिड महामारीपछि ठप्प प्रायः रहेको उक्त नाका गत पुस दोस्रो साताबाट खुलेको थियो तर व्यापारमा भने उल्लेख्य सुधार देखिँदैन ।

नेपाल र चीनबीचको व्यापार अझै लयमा फर्किन सकेको छैन । नेपालमा २०७२ वैशाखमा गएको विनाशकारी गोरखा भूकम्प र चीनबाट तीन वर्षअघि फैलिएको कोभिड-१९ महामारीको असर दुई देशको व्यापारमा नराम्रोसँग देखिएको छ ।

दुई देशबीच व्यापारका लागि सञ्चालनमा रहेका दुई भन्सार नाका सिन्धुपाल्चोकको तातोपानी र रसुवाको रसुवागढी स्वभाविक अवस्थामा फर्किन सकेका छैनन् भने अन्य जिल्लामा खोल्न प्रस्ताव गरिएका नाकाको कार्यप्रगति नगण्य छ ।

सामान्य अवस्थामा दुई देशबीच वार्षिक रु साढे दुई खर्बभन्दा बढीको वैदेशिक व्यापार रहेको भन्सार विभागको तथ्याङ्कबाट देखिन्छ तर चीनसँगको व्यापारमा जोडिएका नेपालका दुई भन्सार कार्यालय तातोपानी र रसुवागढीको अवस्था पछिल्ला वर्षहरुमा निकै कमजोर छ ।

विसं २०७२ को भूकम्पपछि थलिएको सिन्धुपाल्चोकको तातोपानी नाका अझै लयमा फर्किन सकेको छैन । भूकम्प अघि वार्षिक रु डेढ खर्ब बराबरको कारोवार तातोपानी भन्सार बाट हुन्थ्यो । जसबाट सरकारले वार्षिक करिब रु छ अर्ब राजस्व उठाउने गरेको भन्सार विभागको तथ्याङ्कबाट देखिन्छ । चालु आर्थिक वर्षको पाँच महिनाअर्थात् गत मङ्सिर मसान्तसम्ममा तातोपानी भन्सारबाट रु चार अर्ब ४२ करोड २४ लाख २३ हजार बराबरको वस्तु आयात भएको देखिन्छ । नेपालबाट चीनमा हुने वस्तु निर्यात भने शून्य छ ।

तातोपानी भन्सार कार्यालयका प्रमुख भन्सार अधिकृत दयानन्द केसीका अनुसार अहिले त्यहाँ मासिक औसत २४ करोड बराबर राजस्व उठ्ने गरेको छ । 'अहिले दैनिक तीनवटासम्म कन्टेनरमा सामान चीनबाट आउने गरेको छ । चीनबाट मुख्य गरी स्याउ नेपाल आउँछ । अरु व्यापारिक सामान आएका छैनन', उनले भने ।

नेपालबाट चीनमा हुने निर्यात खुलाउनका लागि ल्हासास्थित नेपाली वाणिज्य दूतावासबाट पहल भइरहेको भए पनि कहिले खुल्ने यकिन नरहेको भन्सार अधिकृत केसी बताउँछन् ।

कुनै समय तातोपानी भन्सार कार्यालय सञ्चालनका लागि ८० देखि ८५ जनासम्म कर्मचारी खटिने गरेका थिए । अहिले १४ जना कर्मचारी मात्रै त्यहाँ छन् ।२०७२ सालको भूकम्पका कारण तातोपानी नाकाको चीनतर्फको क्षेत्र खासा बजार पनि निकै प्रभावित भएको थियो । अहिले उक्त बजार पूर्णरुपमा बन्द छ ।

चीनले त्यहाँबाट बस्तीसमेत हटाइसकेको छ । भौगर्भिक अध्ययन पछि उक्त क्षेत्र मानव बसोबासका हिसाबले असुरक्षित देखिएको जनाउँदै चीनले बस्ती सारेको हो । अहिले त्यहाँ चिनियाँ सुरक्षाकर्मीको क्याम्प मात्र रहेको छ ।

चीनतर्फको भन्सार कार्यालयसमेत हटिसकेको छ । खासा क्षेत्रमा बजार बसाउन भौतिक संरचना निर्माण र सडक सञ्जाल निर्माणमा चीनले चासो देखाएको छैन । नेपालका लागि चीनसँगको व्यापारमा रसुवागढी भन्सार भन्दा तातोपानीबाट सामान आयात गर्दा ढुवानी भाडा सस्तो हुने र पूर्वाधारका हिसाबलेसमेत त्यहाँ उपयुक्त भए पनि चीनको बेवास्ताका कारण त्यहाँबाट हुने व्यापार खुम्चिँदै गएको छ ।


## जाडोमा अपनाउनुपर्ने सावधानीहरु

*केही समय यता बढ्दो चिसो शीतलहरले गर्दा जनजीवन प्रमावित पारेको छ । त्यसैले चिसोबाट बच्न यी उपायहरु अपनाऔं ।*

- ☞ शरीरको सबै भाग ढाक्ने गरी बाक्लो तथा न्यानो लुगा लगाऔं ।
- ☞ बालबालिका, बृद्धबृद्धा, गर्भवती महिला तथा दर्घ रोगीहरुलाई चिसोबाट बचाऔं ।
- ☞ आमाको दुध खाने बच्चाहरुलाई नियमित रुपमा स्तनपान गराऔं ।
- ☞ तातो तथा पोषिलो झोल पदार्थहरु प्रशस्त मात्रामा सेवन गरौं, धुम्रपान तथा मधपान नगरौं ।
- ☞ स्वास्थ्य सम्बन्धी कुनै समस्या जस्तै ज्वरो आएमा, झाडा पखाला लागेमा, दम बढेमा, खोकी लागेमा घ्यार-घ्यार भएमा, श्वास फेर्न कठिनाई भएमा तुरुन्त स्वास्थ्य संस्थामा सम्पर्क गरौं ।
- ☞ सुत्ने कोठामा आगो, हिटर, मकल, कोइला ब्रिकेट आदि बाली झयाल ढोका बन्द गरेर कहिल्यै नसुतौं ।
- ☞ आगो बालेको ठाउँमा बच्चाहरुलाई एक्लै नछाडौं ।

**क्षिरेश्वरनाथ नगरपालिका**
धनुषा, मधेश प्रदेश


# कर्जा लगानी बढाएसँगै बढ्यो निफ्राको नाफा




६ माघ, काठमाडौं । कर्जा विस्तार हुँदा नेपाल इन्फ्रास्ट्रचर बैंकको खुद ब्याज आम्दानीसँगै नाफा पनि बढेको छ । बैंकले चालु आर्थिक वर्ष (आव) २०७९/८० को दोस्रो त्रैमाससम्म ७६ करोड ६१ लाख ६० हजार रुपैयाँ मुनाफा आर्जन गरेको छ । गत आव २०७८/७९ को दोस्रो त्रैमाससम्म बैंकले ४४ करोड २६ लाख ४८ हजार मुनाफा आर्जन गरेको थियो । पुसमा बैंकले नेपाल राष्ट्र बैंकले तोकेको नियमकीय व्यवस्था गरेपछिको नाफा भने ६० करोड ४१ लाख ८ हजार रुपैयाँ रहेको छ ।

ठूला पूर्वाधार र विकास परियोजनमा लगानी गर्ने उदेश्य सहति नेपाल सकारको समेत लगानीमा स्थापना भएको बैंकले २०७९ पुस मसान्तसम्म १९ अर्ब ८२ करोड ३० लाख ९५ हजार रुपैयाँ कर्जा लगानी गरेको छ । जसबाट बैंकले दोस्रो त्रैमासम्म १ अर्ब ३२ करोड ४९ लाख ४८ हजार रुपैयाँ खुद ब्याज आम्दानी गरेको छ । गत आवको सोही अवधिमा बैंकले ८ अर्ब १३ करोड ६४ लाख ७८ हजार रुपैयाँ खुद ब्याज आम्दानी गरेको थियो ।

सम्भावित कर्जा नोक्सानीवापत ४ करोड २५ लाख १४ हजार रुपैयाँ छुट्याएको छ । पुस मसान्तमा बैंकको सञ्चालन नाफा १ अर्ब ९ करोड ४५ लाख १५ हजार रहेको छ ।

२१ अर्ब ६० करोड रुपैयाँ चुक्ता पूँजी रहेको बैंकको जगेडा तथा सञ्चित कोषमा १ अर्ब ६६ करोड ९६ लाख २० हजार रहेको छ । बैंकले पुस मसान्तसम्म ५७ करोड ७९ लाख ५४ हजार निक्षेप र २ अर्ब २८ करोड २३ लाख १३ हजार रुपैयाँ ऋणपत्र मार्फत स्रोत संकलन गरेको छ ।

बैंकको प्रकाशित वित्तीय विवरण अनुसार वार्षिक प्रतिसेयर आम्दानी ७ रुपैयाँ ९ पैसा र प्रतिसेयर नेटवर्थ १०७ रुपैयाँ ७३ पैसा रहेको छ । यस्तै मूल्य आम्दानी अनुपात ३२.१४ गुणा रहेको छ ।

# स्थानीय तहको पुल सडक विभागले निर्माण नगर्ने

मधेशदृष्टि
जनकपुरधाम, ६ माघ । सडक विभागले स्थानीय तह अन्तर्गतका पुल निर्माण नगर्ने भएका छन् ।
आफूलाई राष्ट्रिय राजमार्गमा पर्ने पुल निर्माणमा केन्द्रित गर्ने गरी विभागले स्थानीय तह अन्तर्गतका पुल हस्तान्तरण तथा बजेट लगायतमा समस्या आएको भन्दै विभागले अब राष्ट्रिय राजमार्गका पुल निर्माणमा मात्रै केन्द्रित हुने तयारी अघि बढाएको छ ।
विभागका प्रवक्ता भीमार्जुन अधिकारीले स्थानीय सडकका पुलको ठेक्का हस्तान्तरण तथा पर्याप्त बजेट नहुने भएपछि आगामी आर्थिक वर्षदेखि स्थानीय तह अन्तर्गतका नयाँ पुल निर्माणको काम नगर्ने गरी छलफल अघि बढेको बताए ।
अगामी आर्थिक वर्षदेखि स्थानीय तह अन्तर्गतका पुल निर्माणको काम विभागले नगर्ने गरी छलफल गरी बढेको छ, बजेट पनि सोहीअनुसार बिनियोजन हुन्छ, भन्दै उनले अब स्थानीय सडकमा पर्ने पुल स्थानीय तह, प्रदेश वा स्थानीय पूर्वाधार विभागले गर्नेछन् भने ।
सडक विभागमा राष्ट्रिय राजमार्गमा पर्ने पुल निर्माणको जिम्मेवारी भए पनि अहिले स्थानीय तहका पुल निर्माण पनि विभाग अन्तर्गत भइरहेको उनको भनाइ छ । विभाग मातहतमा हाल मुलुकभर एक हजार दुई सयको हाराहारीमा पुल निर्माणधिन अवस्थामा छन् । जसमध्ये भन्डै नौ सय पुल स्थानीय सरकार अन्तर्गत रहेको छ । एकै पटक धेरै पुल निर्माणको जिम्मेवारी हुँदा विभागले अपेक्षाकृत रुपमा काम गर्न नसकेको उनको भनाइ छ ।
विभागले ठूला र जटिल सडक तथा पुल निर्माण गर्नुपर्नेमा स्थानीय सडकका स–साना पुल निर्माणमै लाग्नुपरेको सडक विभागका पुल महाशाखामा कार्यरत इञ्जिनियर कमलकुमार बस्नेतले बताए । विभागले रणनीतिक पुल निर्माणमा मात्रै केन्द्रित हुने उद्देश्यले गत वर्षदेखि स्थानीय पुल हस्तान्तरण गर्न खोजे पनि नसकिएको उनले भने ।
उनले भने विभागमा निर्माण गर्नुपर्ने पुलको संख्या बढ्दै जाँदा बोझ थपिएको छ, नयाँ स्थानीय पुल अन्य निकायमार्फत् निर्माण गर्ने गरी छलफल भइरहेको छ । उनका अनुसार आगामी आवको बजेटमा सहरी विकास मन्त्रालय अन्तर्गत स्थानीय पूर्वाधार महाशाखाले निर्माण गर्ने गरी छलफल भइरहेको छ । हाल स्थानीय पूर्वाधार विभागले झोलुङ्गे पुललगायत स्थानीय स्तरमा आवश्यक पूर्वाधार निर्माण गरिरहेका छन् ।
विभागसँग ठूलो स८्यामा निर्माणाधीन पुल भएपनि बजेट भने निकै कम विनियोजन हुने गरेको शाखाको गुनासो छ । निर्माणाधीन पुलमध्ये दसौं वर्ष पुरानो ठेक्का रहेका पुल पनि छन् । उनले रू पाँच/दश करोड लागत लाग्ने पुलमा एउटा आर्थिक वर्षमा रू ५० लाख मात्रै बजेट बिनियोजन हुँदा काम गर्न समस्या भएको बताए ।
विभागका अनुसार प्रत्येक वर्ष औसतमा करिब चारदेखि पाँच हजार वटा पुल निर्माणको माग हुन्छ । खासगरी जनप्रतिनिधिहरुबाट पुलको माग बढी आउने गरेको छ । विभागका अनुसार झण्डै एक सय पुलको डिजाइन हुने क्रममा छन् । त्यस्तै एक सय ६० पुल भने निर्माण कम्पनी आफैंले निर्माण गर्ने गरी 'डिजाइन एण्ड बिल्ड'मार्फत् अघि बढाइएको इञ्जिनियर बस्नेतले बताए ।

# उपसभामुखमा यादव र राणाको उम्मेदवारी

मधेशदृष्टि
जनकपुरधाम, ६ माघ । प्रतिनिधि सभाको उपसभामुख पदका लागि सत्ता र विपक्षबाट दुई जनाको उम्मेदवारी परेको छ ।
शुक्रबार अपरान्ह् चार बजेसम्म उम्मेदवारी दर्ताका लागि तोकिएको समयसीमामा दुई जनाको उम्मेदवारी परेको संघीय संसद् सचिवालयले जनाएको छ ।
संसद् सचिवालयका अनुसार सत्तागठबन्धनबाट राष्ट्रिय स्वतन्त्र पार्टीकी इन्दिरा राना र विपक्षबाट नेपाली कांग्रेसकी मुक्ताकुमारी यादवले उम्मेदवारी दर्ता गरेका हुन् । रानाको प्रस्तावक सोविता गौतम र समर्थक एमालेका कृष्णगोपाल श्रेष्ठ, नारायणी शर्मा र राप्रपाका राजेन्द्र लिङ्देन छन् । त्यसैगरी यादवको प्रस्तावकमा कांग्रेस बद्रीप्रसाद पाण्डे छन् भने समर्थकमा नेकपा एकीकृत समाजवादीका मेटमणि चौधरी र लोसपाका सर्वेन्द्रनाथ शुक्ला रहेका छन् । उपसभामुखको निर्वाचन शनिबार हुनेछ ।
सभापति शेरबहादुर देउवा निवासमा शुक्रबार बिहान बसेको शीर्ष नेताहरुको बैठकले यादवको नाममा सहमति गरेको थियो । धनुषाकी यादव पार्टीको १४औं महाधिवेशनमा केन्द्रीय सदस्यमा सर्वाधिक मत ल्याएकी थिइन् । यसअघि कांग्रेसले सभामुखमा ईश्वरी न्यौपानेलाई उम्मेदवार बनाएको थियो ।
२०७० मा समेत संविधानसभामा सदस्य रहेकी मुक्ता २०७४ मा दुई वर्षका लागि राष्ट्रियसभा सदस्य थिइन् । उनी २०७८ मंसिरमा सम्पन्न पार्टीको १४ औं महाधिवेशनमा कूल खसेको ४ हजार ६७१ मतमध्ये ३ हजार ९६० मत प्राप्त गर्दै केन्द्रीय सदस्यमा निर्वाचित भएकी थिइन् ।
२०३४ साल भदौमा महोत्तरीको कांग्रेस समर्थक राय परिवारमा जन्मिएकी मुक्ताको १४ वर्षकै उमेरमा २०४८ सालमा कांग्रेस राजनीतिमा सक्रिय धनुषाको यादव परिवारसँग भएको थियो । सानै




उमेरमा विवाह भए पनि अध्ययनलाई निरन्तरता दिएकी मुक्ताले स्नातकसम्म अध्ययन गरेकी छन् । धनुषाको ग्रामीण भेगमा पर्ने लक्ष्मीपुरको राष्ट्रिय प्राविमा अध्यापन गर्ने क्रममा उनले द्वन्द्वकालमा चन्दा माग्न आएका नेकपा माओवादीका तत्कालीन लडाकुसँग उल्टै चन्दा मागेको बताउँछिन् ।
अहिलेको सात दलीय सत्ता गठबन्धनभित्र कांग्रेसले अपेक्षा गरेझैं कुनै नाटकीय परिवर्तन भए मुक्ता उपसभामुख बन्ने सम्भावना छ ।
यसअघि महन्थ ठाकुर, लीला श्रेष्ठ सुब्बा, रामविलाश राय यादव, पूर्णाकुमारी सुवेदी, डा. शिवमाया तुम्माहाम्फे र ओनसरी घर्तीमगर उपसभामुख भइसकेका छन् ।

# प्रचण्ड मधेशी विरोधी रहेको कांग्रेसको आरोप

मधेशदृष्टि
जनकपुरधाम, ६ माघ । मधेस आन्दोलनका शहिदहरुप्रति प्रतिनिधिसभा बैठकमा अपमान भएको भन्दै नेपाली कांग्रेस मधेस प्रदेशले दुःख व्यक्त गरेको छ ।
कांग्रेस मधेस प्रदेशका सभापति तथा संसदीय दलका नेता कृष्ण प्रसाद यादवले विज्ञप्ति जारी गर्दै मधेस आन्दोलनका शहिदहरुप्रति अपमान भएकोमा दुःख व्यक्त गरेका हुन् ।
सदनमा बोल्ने क्रममा जनमत पार्टीका अध्यक्ष तथा सांसद डा. सीके राउतले मधेसी शहिदहरुको सम्झनामा एक मिनेट मौन धारण गरेका थिए । सो क्रममा केही सांसद उठेर मौन धारण गरे । तर प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डलगायतका केही सांसद उठेनन् ।
प्रधानमन्त्री प्रचण्डले नै मौन धारण नगरेकोले मधेसमा आलोचना भइरहेको छ । सो विषयमा कांग्रेस मधेसका सभापति यादव विज्ञप्ति जारी गरेर प्रधानमन्त्री प्रचण्ड मधेस विरोधी रहेको आरोप लगाएका छन् । 'मौनधारणको अनुरोधलाई प्रधानमन्त्री लगायतका कतिपय सांसदज्यूहरूले अवज्ञा गर्नु दुःखद छ', उनले विज्ञप्तिमा भनेका छन्, 'यो घटनाबाट हाम्रा शासकहरू मधेसका शहीदहरूप्रति समेत वैरभाव राख्छन् भन्ने प्रष्ट हुन्छ ।'
मधेश आन्दोलनका सहिदहरूप्रति प्रधानमन्त्री प्रचण्ड लगायतको रवैया मधेस र मधेसी जनताप्रतिको अपमान र मधेशीजनविरुद्ध व्याप्त विभेदपूर्ण मानसिकताको उपज भएको कांग्रेस मधेशका सभापति यादवले टिप्पणी गरेका छन् ।
प्रतिनिधिसभामा भएको घटनाप्रति दुख व्यक्त गर्दै उनले आगामी दिनमा यस्ता विभेद र अपमानपूर्ण व्यवहार नगर्न प्रधानमन्त्री प्रचण्डलगायत सम्बन्धित सबैलाई ध्यानकर्षण गराएका छन् ।

# डेढ करोडको चरसको खेपसहित युवा पक्राउ



मधेशदृष्टि
जनकपुरधाम, ६ माघ । भारतको विहार राज्यको मोतिहारीबाट डेढ करोड बराबरको चरसको खेप सहित दुई नेपाली युवा पक्राउ परेको छ । मोतिहारीका जिल्ला प्रहरी नायब उपरीक्षक कन्तेशकुमार मिश्रको निर्देशनमा सिंघिया गुम्ती नजिक दुई नेपाली लागुऔषध कारोबारी पक्राउ परेको जनाइएको छ । जहाँबाट चरसको खेप बरामद भएको मोतीहारी प्रहरीले जनाएको छ ।
प्रहरीले जानकारि दिए अनुसार पक्राउ पर्नेमा बारा जिल्लाका कलैया निवासी राकेस यादव र पर्सा जिल्ला भिसवा निवासी राजेश यादव रहेको छ ।
दुवै व्यवसायी नेपालबाट चरसको खेप लिएर मोतिहारी हुँदै दिल्ली गइरहेका थिए । उनको साथबाट एउटा मोटरसाइकल पनि बरामद भएको छ । प्रहरी क्याप्टेनको निर्देशनमा सदरमुकामका डिएसपी अरुणकुमार गुप्ताको नेतृत्वमा टोली गठित भएको र प्रहरीले छिटै कारबाही गर्दै ६ किलो चरेससहित दुवै तस्करलाई पक्राउ गरेको हो ।जस्को मुल्य करिब १.५ करोड रुपैयाँ बराबर रहेको जनाइएको छ ।
यस सम्बन्धमा जानकारी दिँदै एसपी मिश्रले पक्राउ परेका दुवै तस्कर नेपालका बासिन्दा रहेकाले सोधपुछ भइरहेको जानकारी दिँदै छापा मार्ने सबै प्रहरीलाई सम्मान गरिने बताए ।
त्यसैगरि रक्सौल उपखण्डको रामगढवा प्रहरीले ५ किलो चरेससहित एक व्यापारीलाई पक्राउ गरेको छ । गोप्य सूचनाको आधारमा रामगढवा प्रहरीले शनिबार दिउँसो सेमहल चोक नजिकैबाट ५ किलो चरेससहित एक व्यापारीलाई पक्राउ गरेको हो ।
पक्राउ परेका व्यवसायी पलनवा थानाको भेलाही ओपीका निवासी हुन् ।जसको नाम पन्नालाल दास रहेको रामगढवा प्रहरी चौकीका अध्यक्ष इन्द्रजित पासवानले पुष्टि गरे ।

# आउने बजेटमा ४ हजारबढी आयोजनाको प्रस्ताव

मधेशदृष्टि
काठमाडौं, ६ माघ । आगामी आर्थिक वर्षको (२०८०/८१) बजेटमा प्रदेश र स्थानीय तहले नयाँ तथा पुराना बहुवर्षीय (३ वर्षको) आयोजनाका लागि प्रस्ताव पेश गरेका छन् ।
आगामी आर्थिक वर्षको बजेट निर्माण अर्न्तगत अहिले अनुदानका आयोजनाको प्रस्ताव माग्ने क्रम पनि जारी रहेको छ । प्रदेश र स्थानीय तहले नयाँ तथा पुराना गरी ४ हजार ७५६ आयोजना आगामी बजेटमा पारिदिन माग गर्दै राष्ट्रिय योजना आयोगको अनलाइन प्रणालीबाट प्रस्ताव गरेका हुन् ।
नयाँ आयोजना मात्रै ४ हजार २०४ वटाको प्रस्ताव परेको राष्ट्रिय योजना आयोगले बताएको छ । यसमा विशेष अनुदानअर्न्तगत २ हजार ६० आयोजना र समपुरक अर्न्तगत २ हजार १४४ आयोजनाको प्रस्ताव परेको आयोगका प्रवक्ता राजेन्द्र कुमार पौडेलले बताए ।
प्रदेशमा बनिरहेका अयोजनालाई (क्रमागत) मात्र ११ अर्ब ६४ करोड १७ लाख ५०० रुपैयाँ माग भएको छ । यस्तै पालिकामा बनिरहेका आयोजनाले ९ अर्ब १ करोड ५३ लाख रुपैयाँ माग गरेका छन् । नयाँ तथा पुराना गरी आगामी बजेट मार्फत १ खर्ब २६ अर्ब रुपैयाँ भन्दा बढीको आयोजना माग गरिएको छ । स्थानीय तहले मात्र १ खर्ब १५ अर्बको आयोजना माग गरेका छन् । यता प्रदेशको हकमा भने नयाँ सरकार गठनको प्रक्रियामा रहेकाले प्रस्ताव मागको समय माघ मसान्तसम्म थप्ने तयारी भएको छ । आयोगले २०७६/७७ देखि विद्युतीय प्रणालीमा आधारित रहेर आयोजना प्रस्ताव आह्वान गर्ने, संकलन तथा मूल्यांकन र छनोट गरी अर्थमन्त्रालयलाई सिफारिस गर्दै आएको छ । मन्त्रालयले सोही अनुसारका आयोजना परे नपरेको जानकारी बजेटमार्फत सार्वजनिक गर्ने गरेको छ । बहुवर्षीय आयोजनाको प्रस्ताव गर्दा आयोजनाको निर्माण सम्पन्न नभएसम्म वर्षेपिच्छे रकम माग गरेर केन्द्रमा पठाउनुपर्ने प्रावधान छ । पुस मसान्तसम्ममा पेश गरेको प्रस्तावलाई योजना आयोगले मुल्यांकन, अनुगमन तथा प्रभावकारिताका आधारमा छनौट गरेर अर्थ मन्त्रमालयलाई चैतको १५ भित्र सिफारिस गर्नेछ । प्रस्ताव गरिएको र बजेटमा परेको बहुवर्षीय आयोजना समयमै सकिएन भने सम्बन्धित पालिकाले नै अतिरिक्त दायित्व व्यहोर्नु पर्ने पौडेलले बताए ।
नयाँ तथा पुराना गरी विशेष र समपुरक अनुदानअर्न्तगत प्रदेशले १५/१५ वटा आयोजना र स्थानीय तहले ५/५ वटा आयोजनाको प्रस्ताव गर्न पाउँछन् । तर त्यसमा न्युनतम एउटादेखि विशेष अवस्थामा २/३ वटासमेत छनोट हुने गरेको आयोगले बताएको छ । समपुरक अनुदानअर्न्तगत केन्द्रले ५० प्रतिशत र सम्बन्धित तहले ५० प्रतिशत दायित्व व्यहोर्नुपर्छ ।
समपुरक अनुदान अर्न्तगत गाउँपीलका वा नगरपालिबाबाट कार्यान्वयन गर्ने आयोजना/कार्यक्रमको लागत १ करोड रुपैयाँ देखि १० करोड रुपैयाँसम्म, उपमहानगर पालिका र महानगरपालिकाको हकमा ५ करोड रुपैयाँदेखि २५ करोड रुपैयाँसम्म र प्रदेशको हकमा २० करोड रुपैयाँ देखि १ अर्ब रुपैयाँ सम्म हुनुपर्नेछ ।
विशेष अनुदान भने सिमान्तकृत, अल्पसंख्यक, दुर्गम, पिछडिएका तथा आर्थिक सामाजिक तथा अन्य कुनै प्रकारले विभेदमा परेका वर्ग समुदायको उत्थानको लागि केन्द्रले उपलब्ध गराउनेछ ।

# गुजराको हर हर महादेव मन्दिर सहयोगको पर्खाइमा




आरके श्रीवास्तव
गरूडा, ६ माघ । रौतहटको गुजरा नगरपालिका ३ कनकपुर सिमराको हर हर महादेव गुफा मन्दिर सहयोगको पर्खाइमा रहेको देखिएको छ । हर हर महादेव गुफा मन्दिरको निर्माण कार्य लगभग ८० प्रतिशतको सम्पन्न भएको मन्दिरका पुजारी एकताले झुनझुनिया बाबाले बताएका छन ।
विक्रम सम्वत २०५५ सालदेखि आफ्नो घर परिवारलाई त्यागेर शिव आराधनामा लागेका तथा आफू भगवान महादेवको लागि आफ्नो जीवन नै दान गरिदिएको पुजारी जगत नारायण तिवारी उर्फ एकताले झुनझुनिया बाबाले आफ्नो निजी जग्गा २ कठ्ठा क्षत्रफलमा हर हर महादेव गुफा मन्दिर निर्माण गरेका हुन् ।
उनले गरेको निर्माण कार्यमा केही सहयोगी दाताहरुको सहयोग रहेपनि मन्दिरको सम्पूर्ण निर्माण कार्यका लागि अपुग भएको बताएका छन ।
लगभग २० प्रतिशत मात्र कार्य बाकी रहेको निर्माणाधीन हर हर महादेव गुफा मन्दिर ५ तल्ले तथा मन्दिर भित्रको शिव लिङ्ग २७ फिट अग्लो (उचाई भएको) रहेको बताएका छन । साथै यस मन्दिरको निर्माण कार्यमा आफू सक्दो जति चन्दा संकलन गरेर गरे पनि अपुग भएको कारण मन्दिरको सम्पूर्ण निर्माण कार्य लगायत मूर्ति स्थापना सम्म गर्न नसकेको दुःख व्यक्त गरेका छन । मन्दिरको ग्राउन्ड तल्लामा प्लास्टर र पाँचौ तल्लाको छाना लगायत केही मात्र रंग रोदनको कार्य अधुरो रहेकोले सम्बन्धित सम्पूर्ण जनमानसमा सहयोगको लागि अपील समेत गरेका छन ।
यसका साथै मन्दिरका पुजारी एकताले झुनझुनिया बाबाले मन्दिरको निर्माण कार्य सम्पन्न भएपछि मूर्ति स्थापना गरी मन्दिर समेत मन्दिर परिसरको २ कठ्ठा जग्गा पनि सार्वजनिक रुपमा हर हर महादेवको नाममा दान दिने गरि घोषणा गर्ने प्रतिबद्धता गरेका हुन् ।
त्यस्तै मन्दिरको निर्माण कालदेखि नै आइरहेका विभिन्न समस्याहरुको सामना गर्दै यहाँ सम्म पुर्याउनु हुने सम्पूर्ण सहयोगी हातहरूलाई धन्यवाद ज्ञापन गर्दै मन्दिरको लागि अझ कायम रहेको बाटो सम्बन्धी समस्यालाई सम्बन्धित निकायले पहल गरि मन्दिरको बाटो निकासको आवश्यकता लाई पूरा गरिदिन अनुरोध समेत गरेका छन ।

# सांसदलाई पक्राउ गर्न निर्देशन

मधेशदृष्टि
जनकपुरधाम, ६ माघ । नेकपा एमालेका सांसद लक्ष्मी महतो कोइरीलाई गृह मन्त्रालयले पक्राउ गर्न प्रहरी प्रधान कार्यालयलाई निर्देशन दिएको छ ।
कर्तव्य ज्यान मुद्दामा फरार रहेका कोइरी महोत्तरी क्षेत्र नम्बर १ बाट प्रतिनिधि सभामा निर्वाचित भएका थिए । फरार प्रतिवादी संसदमा उपस्थित भएको विषयमा प्रश्न उठेपछि उपप्रधानमन्त्री तथा गृहमन्त्री रवि लामिछानेले पक्राउ गर्न निर्देशन दिएपनि कोइरी पक्राउ परेका थिएन ।
बिहीबार सभामुखको निर्वाचनका क्रममा पनि नेपाली कांग्रेसका सांसद रामहरि खतिवडाले कोइरी बैठकमा उपस्थित भएको नभएको निक्यौंल गर्न माग गरेका थिए ।
शुक्रबार गृहमन्त्रालयका प्रवक्ता फणिन्द्रमणि पोखरेलले विज्ञप्ति जारी गर्दै उपप्रधान तथा गृहमन्त्रीले पटकपटक दिएको मौखिक निर्देशन कार्यान्वयन नभएकोमा गम्भीर ध्यानाकर्षण भएको जनाएका छन् । उनको विज्ञप्तिमा भनिएको छ, ' निज प्रतिवादीलाई कानुन बमोजिम पक्राउ गरी तत्काल कारबाही पक्रिया अगाडि बढाउन मन्त्रालयले प्रहरी प्रधान कार्यालयलाई पत्रचार गरेको व्यहोरा अनुरोध छ ।'
कोइरीमाथि मधेस आन्दोलनका क्रममा घाइते भई अस्पताल लैजाँदै गरेका सई थमन थापालाई एम्बुलेन्सबाट थुतेर हत्या गरेको अभियोग छ ।

# रौतहटमा विषादी व्यवस्थापन तालिम सम्पन्न




आरके श्रीवास्तव
गरूडा, ६ माघ । रौतहटमा विषादी व्यवस्थापन तालिम सम्पन्न भएको छ । कृषि ज्ञान केन्द्र रौतहट को आयोजनामा तीन दिने विषादी व्यवस्थापन तालिम सम्पन्न भएको छ । आर्थिक वर्ष २०७९/०८० को स्वीकृत वार्षिक कार्यक्रम अनुसार कृषि ज्ञान केन्द्र गौर, रौतहटको आयोजना तथा बाली संरक्षण प्रयोगशाला, सिरहाको सहकार्यमा विषादी व्यवस्थापन सम्बन्धी ३ दिने तालिम सम्पन्न भएको छ । जिल्लाको गरुडा नगरपालिका स्थित रहेका कृषि शाखा शिवनगरमा संचालन तथा सम्पन्न गरेको छ । सो विषादी व्यवस्थापन तालिममा ३० जना प्रत्येक नगरपालिका तथा गाउँपालिकाबाट सहभागी भएका थिए । कृषि ज्ञान केन्द्र रौतहटका प्रमुख, कमलदेव प्रसाद कुशवाहा, बाली संरक्षण प्रयोगशाला, सिरहाका प्रमुख, मोहन महतो, बालि संरक्षण अधिकृत मिश्रीलाल यादव, कृषि अर्थ विज्ञ, विपलव कुमार गुप्ताले प्रशिक्षण गरेका थिए । सो तालिम समापन तथा प्रमाण पत्र वितरण समारोहको प्रमुख अतिथि गरुडा नगर पालिकाको नगर प्रमुख कन्तमणी जैयसवालले रहेका थिए । तालिमबाट विषादी प्रयोगमा विशेष सहयोग मिल्ने तथा प्रभावकारी भएको सहभागीहरुको भनाई रहेको छ ।

## गैरजिम्मेवार शिक्षक ........................................

छन् ।
सामुदायिक विद्यालयहरूको पठन पाठन तथा अन्य विषयहरूमा अनुगमन तथा नियन्त्रणका लागि गठन गठन हुने विद्यालय व्यवस्थापन समितिमा त झन् राजनीतिकरण छ । दलीय भागबण्डामा समितिका पदाधिकारी बन्ने होडले कुटाकुटसम्म हुने गरेको घटना धेरै पटक भइसकेको छ । विद्यालय व्यवस्थापन समितिको गठन गर्दा विद्यालयमा अध्ययनरत रहेका विद्यार्थीका अभिभावक हुनुपर्नेमा अधिकांश विद्यालयहरूमा दलका कार्यकर्ताहरु फर्जी रुपमा समिति अध्यक्ष बन्ने गरेको पाइएको छ ।
मधेश प्रदेशका जिल्लाहरूमा रहेका सामुदायिक विद्यालयहरूको पठन पाठन कमजोर बन्नुमा तीन तहका बीचमा अधिकारको विवाद पनि एक कारक रहेको छ । संविधानले शिक्षालाई तीनवटै तहको साझा सूचिमा राखेको छ । साझा सूचीमा रहेका शिक्षासँग सम्बन्धित विषयहरूमा तीनवटै तहमा स्पष्टता नहुँदा सामुदायिक विद्यालयहरूमा पठन पाठन सुध्रिनुको सट्टा बिग्रिँदै गएको हो ।
सामुदायिक विद्यालयहरूमा राज्यले गरेको भारी लगानीको प्रतिफल प्राप्त गर्न शिक्षकहरुलाई राजनीतिबाट टाढा र दलीय भातृ संगठनहरु खारेज हुनु जरुरी छ । यी भातृ संगठनहरु शिक्षकलाई राजनीतिमा जोड्ने मूल कडी र गलत गरेमा संरक्षकको भूमिका निर्वाह गर्दै आएका छन् । शैक्षिक संगठनहरु विद्यालयमा पठन पाठन सुधार भन्दा पनि शिक्षक भर्ना र सरुवा बढुवामा मात्र केन्द्रित रहेका छन् ।
कुनै शिक्षकमाथि कारवाही प्रक्रिया अघि बढाइए तिनीहरुको संरक्षणको बनी आन्दोलनमा होमिने बाहेक केही काम देखिदैन ।

# लाखौँको दिलमा राज गर्ने परवीन बाबीको मृत्यु अझै रहस्यमय



एजेन्सी
मुम्बई । एक समयकी चर्चित अभिनेत्री थिइन् परवीन बाबी । जुन समयमा अभिनेत्रीहरू सलवार सुट लगाएर हिन्दी फिल्ममा देखिन्थे । त्यो समय बाबीले आफ्नो बोल्ड स्टाइलले हङ्गामा मच्चाएकी थिइन् । उनी ७० को दशककी ती अभिनेत्रीहरूमा पर्थिन् जसको ग्ल्यामरले मानिसका होस उड्थ्यो ।

आफ्नो सुन्दरता र अभिनयको बलमा उनले लामो समयसम्म हिन्दी फिल्म उद्योगमा राज गरेकी थिइन् । २० जनवरी २००५ मा उनले यो संसारबाट बिदा लिएकी थिइन् ।

परवीन बाबीको जन्म ४ अप्रिल १९४९ मा सौराष्ट्रको जुनागढमा एक मध्यम वर्गीय मुस्लिम परिवारमा भएको थियो । सेन्ट जेभियर्स कलेजबाट अङ्ग्रेजी साहित्यमा बीए गरेपछि उनी मोडलिङतिर लागेकी थिइन् । यसै क्रममा उनको फिल्म निर्देशक बीआर इशारासँग भेट भएको थियो । भनिन्छ, परवीन बाबीले चुरोटको श्वास लिइरहेको देखेर बीआर इशाराले आफ्नो फिल्मको नायिका बनाउने निर्णय गरेका थिए ।


बीआर इशाराले पहिलो पटक १९७३ मा क्रिकेटर सलिम दुर्रानीसँगको फिल्म 'चरित्र'मा परवीन बाबीलाई मौका दिएका थिए । फिल्मले बक्स अफिसमा खासै व्यापार गर्न सकेन तर परवीन बाबीको जादु दर्शकमाझ चल्यो । बलिउडमा आफूलाई स्थापित गरेपछि परवीनको नाम सबैभन्दा पहिले ड्यानी डेन्जोङ्पासँग जोडिएको थियो । तर, उनीहरूको सम्बन्ध लामो समय टिक्न सकेन । यसपछि उनको जीवनमा कबिर बेदी आए । दुवैले एक अर्कालाई असाध्यै मन पराउन थाले । लामो समय लिभ इनमा बसेपछि दुवैले अलग्गिए ।

त्यसपछि महेश भट्ट परवीनको जीवनमा प्रवेश गरे । दुवै तीन वर्षसम्म सम्बन्धमा रहे ।

महेशसँगको सम्बन्धका क्रममा परवीन बाबीलाई प्यारानोइड सिजोफ्रेनिया भन्ने मानसिक रोग लागेको बताइन्छ । यही रोगका कारण उनले अमिताभमाथि धेरै गम्भीर आरोप लगाएकी थिइन् ।

२० जनवरी, २००५ मा परवीन आफ्नै घरमा मृत फेला परिन् । तीन दिनदेखि उनको घरबाहिर अखबार र दूधका प्याकेट फेला परेपछि छिमेकीले प्रहरीलाई खबर गरेका थिए । सूचना पाए लगत्तै प्रहरीले ढोका खोलेर घरभित्रबाट अभिनेत्रीको शव फेला पारेको थियो । परवीनको एक्लोपन उनको मृत्युको कारण भएको बताइएको छ । उनको मृत्युको रहस्य भने अझै सुल्झिएको छैन ।

# सुनिल शेट्टीकी छोरी अथिया र केएल राहुलको विवाह तयारी



एजेन्सी
बलिउड अभिनेता सुनिल शेट्टीकी छोरी अथिया शेट्टी र भारतीय क्रिकेटर केएल राहुल विवाहको खबरले चर्चामा छन् । उनीहरू २३ जनावरी अर्थात् माघ ९ गते विवाह गर्दैछन् ।

तर दुवैको परिवारबाट विवाहबारे कुनै प्रतिक्रिया आएको छैन ।

भारतीय सञ्चारमाध्यम इटाम्सका अनुसार उनीहरूको विवाह सुनिल शेट्टीको खंडालास्थित बंगलामा हुन लागेको हो ।

दुवैको परिवारले विवाहको तयारी सुरू गरिसकेका छन् ।

विवाहको समारोह तीन दिनसम्म चल्नेछ । २१ र २२ तारिखमा हल्दी, मेहन्दी र संगीतको कार्यक्रम हुनेछ ।

सुनिल र शेट्टी परिवार निकटका फिल्म उद्योगका सबैजसोलाई निम्तो दिइने पनि बताइएको छ त्यस्तै केएल राहुल निकटका क्रिकेटरहरूलाई पनि बोलाइनेछ ।

सुनिलको रहर आफ्नी छोरीको बिहेमा सबैले रमाऊन् भन्ने छ । त्यसैले पनि यो विवाह भव्य गर्ने तयारी भइरहेको बताइएको छ ।

अथिया र केएल विगत तीन वर्षदेखि प्रेम सम्बन्धमा थिए ।

सुनिल र उनकी पत्नी माना शेट्टीका दुई सन्तान छन - छोरी अथिया र छोरा आहान ।

अथिया पछिल्लो समय नवाजुद्दिन सिद्दिकीसँग फिल्म 'मोतीचुर चकनाचुर' मा देखिएकी थिइन्। उनले फिल्म 'हीरो' बाट डेब्यू गरेकी हुन् ।


## जाडोमा अपनाउनुपर्ने सावधानीहरु

*केही समय यता बढ्दो चिसो शीतलहरले गर्दा जनजीवन प्रभावित पारेको छ । त्यसैले चिसोबाट बच्न यी उपायहरु अपनाऔं ।*

- शरीरको सबै भाग ढाक्ने गरी बाक्लो तथा न्यानो लुगा लगाऔं ।
- बालबालिका, बृद्धबृद्धा, गर्भवती महिला तथा दर्घ रोगीहरुलाई चिसोबाट बचाऔं ।
- आमाको दुध खाने बच्चाहरुलाई नियमित रुपमा स्तनपान गराऔं ।
- तातो तथा पोषिलो झोल पदार्थहरु प्रशस्त मात्रामा सेवन गरौं, धुम्रपान तथा मधपान नगरौं ।
- स्वास्थ्य सम्बन्धी कुनै समस्या जस्तै ज्वरो आएमा, झाडा पखाला लागेमा, दम बढेमा, खोकी लागेमा घ्यार-घ्यार भएमा, श्वास फेर्न कठिनाई भएमा तुरुन्त स्वास्थ्य संस्थामा सम्पर्क गरौं ।
- सुत्ने कोठामा आगो, हिटर, मकल, कोइला ब्रिकेट आदि बाली झयाल ढोका बन्द गरेर कहिल्यै नसुतौं ।
- आगो बालेको ठाउँमा बच्चाहरुलाई एक्लै नछाडौं ।

रामगोपालपुर नगरपालिका
महोत्तरी, मधेश प्रदेश


# ड्रामा क्विन राखी सावन्त पक्राउ

एजेन्सी
मुम्बई । बलिउड अभिनेत्री राखी सावन्त पक्राउ परेकी छन् । अभिनेत्री शर्लिन चोपडाको उजुरीको आधारमा अम्बोली प्रहरीले उनलाई पक्राउ गरेको हो । राखी पक्राउ परेको खबर शर्लिनले आफ्नो सामाजिक संजालबाट सार्वजनिक गरेकी छन् । उनले ले खेकी छन्, 'अम्बोली प्रहरीले राखी सावन्तलाई पक्राउ गरेको छ ।'



पक्राउ परेकी र ाखीलाई प्रहरीले के ही समयपछि राखीलाई अन्धेरी अदालतमा उपस्थित गराउनेछ । र ाखीलाई आफ्नो आपत्तिजनक भिडियो तथा तस्बिर भाइरल गरेको आरोप अभिनेत्री शर्लिनले लगाएकी छन् । शर्लिनले गत बर्ष राखी विरुद्ध प्रहर ीमा उजुरी दर्ता गराएकी थिइन् । राखी पछिल्लो समय विवाह र आमा बिरामी भएको कारण लगातार चर्चामा छिन् । उनी अहिले निकै कठिन अवस्थाबाट समेत गुज्रिरहेकी छन् । केही अगाडि पहिले आदिल खानले उनीसँग विवाह अस्वीकार गरेका थिए । पछि स्वीकार समेत गरे । उनको आमाको स्वास्थ्य बिरामीका कारण नाजुक बन्दै गइरहेको छ । केही अगाडि उनी प्रेग्नेन्सीको कारणले पनि चर्चामा रहेकी थिइन् ।

# मराठी फिल्म "वेड" ले बक्स अफिसमा इतिहास रचे




एजेन्सी
मराठी फिल्म 'वेड' ले बक्स अफिसमा इतिहास रचेको छ । १५ करोड भारूमा बनेको 'वेड' मराठी फिल्मको दोस्रो सर्वाधिक कमाउने फिल्म बनेको हो। अभिनेता रितेश देशमुख र जेनेलिया डिसुजा अभिनीत फिल्म 'वेड' पुस १५ गतेदेखि भारतमा प्रदर्शन भइरहेको छ। प्रदर्शन भएसँगै फिल्मले बक्स अफिसमा राम्रो कमाइ गरिरहेको छ ।

रितेश देशमुख निर्देशित फिल्मले बक्स अफिसमा ५६ करोड भारू बढी कमाएको छ। यसै फिल्ममार्फत उनले निर्देशनमा डेब्यू गरेका हुन् ।

योफिल्ममासलमानखानअतिथिभूमिकामादेखिएका छन्। फिल्ममा रितेश, जेनेलिया र सलमानसँगै जिया शंकर, अशोक सराफ, ऋषिकेश जोशी, सिद्धार्थ जाधव, जितेन्द्र जोशीलगाय कलाकारको अभिनय छ ।

जेनेलियाले १० वर्षपछि फिल्म 'वेड' मार्फत कमब्याक गरेकी हुन् ।

यो फिल्म सामन्था रूथ प्रभु र नागा चैतन्यको तेलुगु फिल्म 'माजीली' को मराठी रिमेक हो ।

रितेश देशमुख र जेनेलिया डिसुजा फिल्म 'तुझे मेरी कसम'को सुटिङका क्रममा असल साथी बने। उनीहरूले आफ्नो मित्रतालाई ९ वर्षपछि विवाहमा परिणत गरेका थिए ।

सर्वाधिक कमाउने मराठी फिल्म हो 'सैराट'। नागराज मञ्जुले निर्देशन गरेको फिल्म २०१८ मा प्रदर्शन भएको थियो। यो फिल्मले बक्स अफिसमा ११० करोड भारू कमाएको थियो ।

फिल्ममा आकाश तोषर र रिंकु राजगुरूको मुख्य भूमिका थियो ।

# ओटिटीमा "पठान" रिलिज गर्न दिल्ली अदालतले राख्यो यस्तो सर्त




एजेन्सी
बलिउड अभिनेता शाहरूख खान र दीपिका पादुकोण अभिनीत फिल्म 'पठान' ओटिटीमा रिलिज गर्न दिल्ली अदालतले सर्त राखेको छ ।

भारतीय सञ्चारमाध्यम दैनिक जागरणका अनुसार दिल्ली अदालतले 'पठान' को केही दृश्य परिवर्तन गर्न आदेश दिएको छ । ओटिटी प्लेटफर्ममा दृश्यविहीनले पनि फिल्मको मजा लिन सकुन भन्दै फिल्मको दृश्य परिवर्तन गर्न आदेश दिएको हो।

अदालतले सेन्ट्रल बोर्ड अफ फिल्म सर्टिफिकेशनबाट पुनः सेन्सर प्रमाण पत्र लिनपर्ने बताएको छ।

अदालतले फिल्मका निर्मातालाई २० फेब्रुअरीसम्म रिपोर्ट बुझाउन निर्देशन दिएको छ। तर अदालतले हलमा फिल्म प्रदर्शन गर्न कुनै रोकतोक लगाएको छैन ।

यसअघि 'पठान' को १० स्थानमा सेन्सर गरिएको थियो। फिल्ममा समावेशी गीत 'बेशरम रंग' को दृश्य र फिल्मको संवाद परिवर्तन गरिएको थियो ।

फिल्मको ट्रेलर सार्वजनिक भइसकेको छ। फिल्मको ट्रेलरलाई दर्शकसँगै फिल्मकर्मीहरूले पनि रूचाएका छन् ।

सिद्धार्थ आनन्दले निर्देशन गरेको फिल्ममा शाहरूख र दीपिकासँगै जोन अब्राहमको पनि मुख्य भूमिका छ ।

जनावरी २५ मा फिल्म हिन्दी, तमिल र तेलुगू भाषामा प्रदर्शन हुनेछ ।

# बलिउडमा डेब्यू गर्दै गोविन्दाका छोरा यशवर्धन



एजेन्सी
बलिउड अभिनेता गोविन्दाका छोरा यशवर्धन अभिनयमा डेब्यू गर्दैछन्। फिल्म 'आओ ट्विस्ट करें' बाट उनले बलिउडमा डेब्यू गर्न लागेका हुन् । भारतीय सञ्चारमाध्यम ईटाइम्सका अनुसार यस फिल्मलाई गोविन्दाले निर्माण गर्नेछन् । फिल्ममा चर्चित कोरियोग्राफर गणेश आर्चायको छोरी सौन्दर्या आचार्यको पनि मुख्य भूमिका रहनेछ ।

यस फिल्मका लागि यशवर्धन र सौन्दर्या अभिनय तालिम लिरहेका छन्। फिल्ममा गणेश आचार्य सह-निर्माताका रूपमा रहनेछन् ।

फिल्मलाई कसले निर्देशन गर्ने भनेर खुलाइएको छैन । सन् २०२१ मा गोविन्दाकी श्रीमती सुनिता आहुजाले छोराको बलिउड डेब्यूलाई लिएर अन्तर्वार्ता दिएकी थिइन् ।

'यशवर्धनको डेब्यू लकडाउनको कारण ढिला भएको हो । हामीले उनको लन्चबारे केही फिल्मकर्मीसँग कुराकानी गरेका छौं । उनको लागि हामी राम्रो प्रोडक्सन हाउस र राम्रो कहानी खोज्दैछौं। उनी अहिले आफ्नो शरीर सुगठित गर्न, अभिनय सिक्न र नृत्य सिक्न व्यस्त छन्,' उनले भनेकी थिइन् । यशवर्धनले साजिद नाडियाडवालासँग सहायक निर्देशकको रूपमा काम गरिसकेका छन् । उनले ढिशूम, किक २ र तडप जस्ता फिल्ममा काम गरेका थिए । गोविन्दाकी छोरी टिना अहुजाले पनि सन् २०१५ मा 'सेकेन्ड ह्यान्ड हजबेन्ड' बाट बलिउडमा डेब्यू गरेकी थिइन्। तर फिल्मले व्यावसायिक सफलता पाउन सकेन ।

# तमाङ समुदायको नयां वर्षको अवसरमा तीन दिन विदा




मधेशदृष्टि
बीरगंज ६ माघ।
पर्साको ठोरी गाउँपालिकाले तामाङ समुदायको नयाँ वर्षको अवसरमा ३ दिन सार्वजनिक विदा दिने निर्णय गरेको छ।
गाउँपालिकामा तामाङ समुदायको बाहुल्यता रहेको क्षेत्र भएकोले ३ दिनको लागि विदा दिने निर्णय भएको पालिकाका अध्यक्ष लाल बहादुर श्रेष्ठले बताए।
सोनाम ल्होछारलाई भव्य रुपले मनाउन माघ ७ गतेदेखि ९ गतेसम्म ३ दिन पालिकाभित्रका सम्पुर्ण सरकारी कार्यालयहरुमा बिदा दिने निर्णय भएको गाउँपालिकाले जनाएको छ।
देशभरका तामाङ समुदायले आगामी माघ ८ गते २८५९ औं सोनाम ल्होछार मनाउदै छन् । बाघ वर्षलाई बिदाई गरेर बिरालो वर्षको स्वागत गर्दै तामाङ समुदायले ल्होछार मनाउन लागेका हुन्।

# प्याब्सन नकआउट क्रिकेटमा जीवन ज्योती आदर्श र साउथ जोन विजयी

मधेशदृष्टि
वीरगंज, ६ माघ । वीरगञ्जमा जारी रहेको प्याब्सन अन्तर विद्यालय नकआउट क्रिकेट प्रतियोगितामा शुक्रबार भएको खेलमा जीवन ज्योति मावि, आदर्श मावि र साउथ जोन स्कुल विजयी भएको छ।
शुक्रवार भएको तीनवटा खेलमा साउथ जोन माविले विद्या सागर माविलाई ३५ रनले पराजित गरेको हो । टस जितेर पहिले ब्याटिङ रोजेको साउथ जोनले १५ ओभर खेलेर ६ विकेटको क्षतिमा १ सय १५ रन बनाएको थियो।
१ सय १६ रनको जवाफी लक्ष्य पछ्याएको विद्या सागरले १५ ओभर खेल्दा ९ विकेटको क्षतिमा जम्मा ८० रन मात्रै बनाउन सक्यो । ३४ बल खेलेर ४१ रन जोड्न सफल साउथ जोनका समिर आलम म्यान अफदी म्याच घोषित भए।
सिदार्थ माविलाई ९५ रनले पराजित गर्दै आदर्श मावि विजयी भएको छ। टस जितेर सिदार्थले बलिङ रोजेपछि ब्याटिङ गरेको आदर्श माविले पुरै १५ ओभर खेलेर ३ विकेटको क्षतिमा १ सय ७० बनाएको थियो।
सिदार्थ १ सय ७१ रनको जवाफी लक्ष्य सहित ब्याटिङमा उत्रिएको थियो। उसले १५ ओभर खेल्दा ८ विकेटको क्षतिमा ७५ रन मात्रै जोड्न सक्यो । २६ बलमा ३ चौका र २ छक्का सहित ३८ रन तथा ३ विकेट लिन सफल भएका आदर्शका क्रिस श्रीवास्ताव म्यान अफ दी म्याच घोषित भए।
अल्पाईन स्कुललाई २० रनले पराजित गर्दै जीवन ज्योति विजयी भएको हो। टस जितेर अल्पाईनले बलिङ रोजेपछि जीवन ज्योतिले पहिला ब्याटिङ गरको थियो। १५ ओभर खेलेर ४ विकेटको क्षतिमा जीवनज्योतिले १ सय ३८ रन बनाएको थियो।
१ सय ३९ रनको लक्ष्य पछ्याएको अल्पाईन १४ ओभर एक बलमा १ सय १८ रनमै अलआउट भएको थियो । टि-२० क्रिकेट प्रतियोगिता भएपनि दैनिक तीन वटा खेल सञ्चालन गर्नुपर्ने भएकोले क्वाटरफाईनलसम्म १५ ओभरको खेल खेलाईने प्याब्सन पर्साका प्रवक्ता अशोक संग्रौलाले जानकारी दिए। माघ १४ गतेसम्म सञ्चालन हुने प्रतियोगितामा वीरगञ्जका २५ वटा विद्यालयले सहभागी जनाएको आयोजकले जानकारी दिएको छ । प्रतियोगितामा विजयी हुने टिमले शिल्ड तथा प्रमाणपत्र प्राप्त गर्ने छन्।



## वीरगन्ज महानगरपालिकाद्वारा चालू आर्थिक वर्षको
# ६ महिनामा २३ करोड भन्दा बढी राजस्व संकलन

मधेशदृष्टि
बीरगंज ६ माघ।
वीरगन्ज महानगरपालिकाले चालू आर्थिक वर्षको पहिलो ६ महिनामा २३ करोड भन्दा बढी राजस्व संकलन गरेको छ।
आर्थिक वर्ष २०७९/८० को साउनदेखि पुस मसान्तसम्म ६ महिनामा वीरगन्ज महानगरले २३ करोड ७ लाख ६३ हजार ४ सय ७८ रुपैयाँ आन्तरिक राजश्व संकलन गरेको हो। यो अघिल्लो आर्थिक वर्षको ६ महिनामा भएको राजश्व संकलन भन्दा ८ करोड ३५ लाख ३५ हजार ७ सय २६ रुपैयाँ ३१ पैसाले कम हो । महानगरको राजस्व व्यवस्थापन शाखाले दिएको जानकारी अनुसार गत आर्थिक वर्ष ०७८/७९ को ६ महिनामा ३१ करोड ४२ लाख ९९ हजार २ सय ५ रुपैयाँ ७४ पैसा राजस्व संकलन भएको थियो।
राजश्व व्यवस्थापन शाखाका अधिकृत मनोज कर्णले यसवर्ष मालपोत कार्यालयबाट बाँडफाँट भई आउने घरजग्गा रजिष्ट्रेसन दस्तुर आउन बाँकी रहेकोले अघिल्लो वर्षको ६ महिनाको तुलनामा कम राजस्व संकलन भएको जस्तो देखिएको बताए।
महानगरपालिकाले सम्पत्ति कर, घर जग्गा रजिष्ट्रेसन दस्तुर, घर बहाल कर, सवारी साधन कर, पूर्वाधार उपयोगमा लाग्ने कर, ओखटेपहारमा लाग्ने कर, न्यायिक, नक्सापास, सिफारिस तथा नाता प्रमाणित दस्तुर, व्यक्तिगत घटना दर्ता लगायतका शिर्षकमा आन्तरिक आम्दानी संकलन गर्दै आएको छ।

# ज्येष्ठ नागरिकको मार्गदर्शन आवश्यक : मेयर सिंह

मधेशदृष्टि
वीरगंज ६ माघ।
वीरगञ्ज महानगरपालिकाका नगरप्रमुख राजेशमान सिंहले वीरगञ्जको विकासका लागि ज्येष्ठ नागरिकको मार्गदर्शनको आवश्यक्ता रहेको बताएका छन्। एक्लैको प्रयासले मात्रै केही गर्न नसक्ने भन्दै उनले वीरगञ्जलाई व्यवस्थित गर्न सबैको साझा प्रयास हुनु पर्नेमा जोड दिँदै ज्येष्ठ नागरिकको अनुभव आवश्यक रहेको बताए। ज्येष्ठ नागरिक संघ पर्साको आयोजनामा शुक्रबार वीरगञ्जको ज्येष्ठ नागरिक पार्कमा दम रोग र उपचार विधीका बारेमा आयोजित प्रशिक्षण शिविरलाई सम्बोधन गर्दै उनले यस्तो बताएका हुन।
गम्भीर प्रकृतिका दीर्घ रोगको उपचारका लागि महानगरले आवश्यक सहयोग गर्ने भन्दै नगरप्रमुख सिंहले ज्येष्ठ नागरिकको सामाजिक सुरक्षामा कुनै कसर बाँकि नराख्ने प्रतिबद्धता जनाए। संघका अध्यक्ष जगदिश शर्माको सभापतित्वमा सम्पन्न कार्यक्रममा वीरगञ्ज महानगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत लक्ष्मी प्रसाद पौडेल, अभिषेक सिंह, जितेन्द्र पुरुष ढकाल, श्याम कुमार पोखरेल, बद्रि केसी, रामानन्द प्रसाद कुर्मी लगायतको सहभागिता रहेको थियो।

# आगलागीमा तीनजनाको मृत्यु

मधेशदृष्टि
वीरगंज ६ माघ।
रौतहटमा आगो ताप्ने क्रममा १ नवजात शिशुसहित ३ जना जलेर घाइते भएका छन्।
जिल्लाको दुर्गाभगवती गाउँपालिका वडा नम्बर ३ आगो ताप्ने क्रममा जलेर महिला, नवजात शिशुसहित ३ जना घाइते भएका हुन्। चिसो छल्न शुक्रवार बिहान आगो ताप्ने क्रममा अजय दासको २० वर्षीया श्रीमती रमितादेवी दास गम्भीर घाइते भएकी छिन्। गम्भीर घाइते महिलाको गौर अस्पतालमा उपचार भइरहेको छ रौतहट प्रहरीले जनाएको छ।
महिलासँगै काँखमा रहकी चार महिनाको बालिका सन्ध्याकुमारी दास र आगो निभाउन खोज्दा महिलाको देवर विजय सामान्य घाइते भएका छन्।
घाइते तीनै जनाको गौर अस्पतालमा उपचार भइरहेको अस्पतालका आकस्मिक कक्षका प्रमुख पंकज ठाकुरले बताए।

# छोराको जन्मदिनको अवसरमा कम्वल वितरण




मधेशदृष्टि
बीरगंज ६ माघ।
पर्साको जिराभवानी गाँउपालिका वडा नम्बर २ सेढवामा समाजसेवी परशुराम साहले आफनो छोराको जन्मदिनको उपलक्ष्यमा दलितवस्तीमा एक सय थान कम्बल वितरण गरेका छन। समाजसेवी साहले आफना छोरा संतोष कुमार साहको जन्मदिनको उपलक्ष्यमा तामझाम र भोजभतेरमा खर्च नगरी सेढवामै रहेको दलित बस्तीमा एक सय जना मुसहरहरुलाई १/१ थान गरि १ सय थान कम्बल वितरण गरिएको बताए।
उनले अनावश्यक खर्च गर्नु भन्दा विपन्न तथा असहायहरुलाई सहयोग गर्दा आत्मसन्तुष्टि पनि मिल्ने भएकाले दलितवस्तीमा कम्बल वितरण गरेको बताए।

# मधेशका ७ जिल्लाका सिडिओको सरुवा

मधेशदृष्टि
जनकपुरधाम, ६ माघ । मधेश प्रदेश सहित देशभरिका ७० वटा प्रमुख जिल्ला अधिकारी (सिडिओ) र सहायक प्रमुख जिल्ला अधिकारीहरुलाई एकैपटक गृहमन्त्रालयले काज सरुवा गरेको छ।
शुक्रवार बसेको उपप्रधान तथा गृहमन्त्रीस्तरीय निर्णयानुसार राजपत्रांकित प्रथम (सहसचिव) र द्वितीय श्रेणी (उपसचिव)समेतका प्रमुख जिल्ला अधिकारी, सहायक प्रमुख जिल्ला अधिकारी लगायतका कर्मचारीहरुको सरुवा गरिएको मन्त्रालयले विज्ञप्ति मार्फत जनाएको छ।
मधेश प्रदेशका ७ वटा जिल्लाका पनि प्रमुख जिल्ला अधिकारीहरुलाई काज सरुवा गरिएको छ । सप्तरी जिल्ला प्रशासन कार्यालयमा माधवप्रसाद ढुंगाना इलाम जिल्ला प्रशासन कार्यालयबाट आएका छन्। सिरहामा दोलखा जिल्ला प्रशासन कार्यालयबाट भोजराज खतिवडा दोलखाबाट आएको छन भने सिरहामा कार्यरत लालबाबु कवारी गोरखा जिल्ला प्रशासन कार्यालय पठाइएको छ।
त्यस्तै सर्लाहीमा सुनसरी जिल्ला प्रशासन कार्यालयबाट इन्द्रदेव यादव आएका छन् भने सर्लाहीमा कार्यरत थानेश्वर गौतम गृहमन्त्रालय तानिएको छ । धनुषामा मोरङ जिल्ला प्रशासन कार्यालयबाट काशीराज दाहाल सरुवा भएर आएका छन् । महोत्तरीको प्रमुख जिल्ला अधिकारीलाई काजसरुवा गरिएको छैन।
रौतहटमा कपिलवस्तुबाट धमेन्द्रकुमार मिश्र आएको भने रौतहटमा कार्यरत कृष्णबहादुर शाहीलाई जिल्ला प्रशासन कार्यालय सुनसरी सरुवा गरिएको छ । बारामा रोल्पा जिल्ला प्रशासन कार्यालयबाट नवराज सापकोटा आएका भने बारामा कार्यरत कृष्णबहादुर कटुवाललाई गृहमन्त्रालय तानिएको छ।
पर्सामा सिन्धुपाल्चोक जिल्ला प्रशासन कार्यालयबाट वेदनिधि खनाल आएका छन भने पर्सामा कार्यरत उमेश कुमार खनाल गृहमन्त्रालय तानिएको छ।

# फोहोरका कारण चन्द्रपुर चौक प्रदूषित बन्दै



मुकेश कुमार साह
रौतहट ६ माघ । चन्द्रपुर नगरपालिका-४ स्थित मुख्य चौकको होटलबाट निस्कने फोहोरका कारण प्रदूषित बनेको छ । होटल व्यवसायीले फाल्ने फोहोर र दूषित पानीका कारण मुख्य चोक दुर्गन्धित भएको हो।
स्थानीयले पटक/पटक सडकमा फोहर नफाल्न विरोध जनाएपनि नगरपालीका लगाएत वडाले चासो नदेखाएको स्थानीयको आरोप छ । डिभिजन सड़क कार्यालय चन्द्रनिगाहपुरले गत वर्षको वैशाखमा आश्रय निर्माण सेवालाई ठेक्का दिएर मुख्य चोकको दुई लेनको सडकलाई स्तरोन्नित गरी चार लेनको बनाए पनि नाला नहुदा फोहरको समस्या छ। होटल व्यवसायीले नालामा छाडेको पानी सडकमा बग्न थालेपछि दुर्गन्ध बढेको छ । नालाबाट पानी बग्न छाडेपछि फोहोर पानीले गन्हाउने भएको स्थानीयको भनाइ रहेको छ।
यता वडाध्यक्ष रवी राना मगरले होटल व्यवसायीलाई पटक पटक फोहोर पानी नफाल्न अनुरोध गरेपनि अटेर गरेको बताए।
सडकमा फोहोर पानी र जथाभावी सवारी पार्किङ गर्दा सहरी सौन्दर्यलाई असर परेको नगर प्रमुख संजय काफ्लेले बताए ।उनले भने , 'चाँडै नै फोहोर पानीलाई व्यवस्थित गर्छौं । पार्किङ पनि मिलाउछौ।'

# वीरगंजमा रक्तदान सम्पन्न

मधेशदृष्टि , वीरगंज ६ माघ।
नेपाल खेलकुद महासंघ तथा अखिल नेपाल राष्ट्रिय स्वतन्त्र विधार्थी युनियनको संयुक्त आयोजनामा रक्तदान कार्यक्रम सम्पन्न भएको छ।
वीरगंजस्थित ठाकुरराम बहुमुखी क्याम्पसमा आयोजित रक्तदान कार्यक्रममा ३ महिलासहित ३२ जनाले रक्तदान गरेका छन्।
रक्तदान गर्नेहरुमा प्रियंका राओ, मनी गुप्ता, शिवानी गुपता, शिवजी गुप्ता, राजन गुप्ता, अभिषेक चौहान, सुरज यादव लगायत रहेका छन्।
रगतको अभावको कारण कसैलेज्यान गुमाउनु नपरोस भन्न अभिप्रायले रक्तदान कार्यक्रमको आयोजना गरिएको नेपाल खेलकुद महासंघ पूर्व केन्द्रिय सदस्य अखलेश कुमार साहले बताए । कार्यक्रममा प्राविधिक सहयोग रक्तसंचार केन्द्र वीरगंजले जनाएको छ।

# सीमामा खट्ने सुरक्षाकर्मीलाई स्वास्थय समाग्री हस्तान्तरण

मधेशदृष्टि
बीरगंज ६ माघ।
नेपाल रेडक्रस सोसाईटीले नेपाल-भारत सिमानाकामा खट्ने सुरक्षाकर्मीलाई स्वास्थ्य सामाग्री हस्तान्तरण गरेको छ।
छिमेकी मुलुक भारत र चिनमा कोरोना संक्रमणको नयाँ भेरिएन्ट देखिएको हुनाले कोकाकोला फाउन्डेसनको आर्थिक सहयोगमा वीरगञ्ज, विराटनगर र काँकडभिट्टा गरी ३ वटा सिमानाका खट्ने नेपाल प्रहरी र सशस्त्र प्रहरीलाई स्वास्थ्य सामाग्री हस्तान्तरण गरिएको हो । रेडक्रसको तर्फबाट सहायक प्रमुख जिल्ला अधिकारी महेशराज तिमिल्सीनाले प्रहरी नायब उपरीक्षक निर्मल बुढाथोकी र सशस्त्र प्रहरी नायब उपरीक्षक सुमन थापालाई सर्जीकल मास्क, सर्जीकल ग्लोभ्स, ह्यान्ड सेनीटाईजर, फेस शिल्ड, बुट, सर्जीकल क्याप, पीपीई तथा गाउन सेट लगायतका स्वास्थ्य सामाग्री हस्तान्तरण गरेका थिए।
उनले कोरोना संक्रमणको जोखिम कायमै रहेको हुँदा सिमाक्षेत्रमा खटेका सुरक्षाकर्मीलाई आवश्यक समाग्री प्रदान गर्नु प्रशंसनीय कार्य रहेको बताउनुभयो । खुला सिमाकै कारण विगतमा वीरगंज कोरोनाको हटस्पट बनेको स्मरण गर्दै उहाँले स्वास्थ्य मापदण्डको पालना गर्न आग्रह गरे।
कोरोनाको नयाँ भेरिएन्ट अझ बढी संक्रामक भएका हुँदा सीमा क्षेत्रमा खट्ने सुरक्षाकर्मी संक्रमणको उच्च जोखिममा रहेको हुनाले स्वास्थ्य समाग्री उपलब्ध गराईएको नेपाल रेडक्रस सोसाईटीले जनाएको छ ।तीन वटा नाकाका लागि सर्जीकल मास्क ५ सय ३५ प्याकेट, सर्जीकल ग्लोभ्स १ सय ८० प्याकेट, ह्यान्ड सेनीटाईजर ५४० बोतल, फेस शिल्ड ६ सय थान, बुट १६० जोडी, सर्जीकल क्याप ६५० थान, पीपीई तथा गाउन सेट १ सय ८० थान हस्तान्तरण गरिएको नेपाल रेडक्रस सोसाईटी केन्द्रिय कार्यालय स्थित विपद व्यवस्थापन विभागका उप निर्देशक जनार्दन पोखरेलले जानकारी दिए।

# कडाईका साथ लाग्न निर्देशन

मधेशदृष्टि
जनकपुरधाम, ६ माघ । मधेश प्रदेश प्रहरी कार्यालयका प्रमुख डिआई बसन्त बहादुर कुँवरले भन्सार छली र चोरी पैठारी निकासीमा रोक्न कडाईका साथ लाग्न आफ्ना मातहतका बारा र पर्सा प्रहरीलाई निर्देशन दिएका छन् । शुक्रवार औद्योगिक शहरको रुपमा परिचित मधेश प्रदेशका बारा र पर्सा जिल्लाको आन्तरिक अनुगमन निरिक्षण तथा बिफ्रिङ्गमा उनले बारा र पर्साका प्रहरी प्रमुखलाई निर्देशन दिएका छन्।
बिफ्रिंगको क्रममा प्रमुख डिआईजी कुँवरले अवैध रुपमा संचालित क्रसरहरुलाई कानून बमोजिम रोक्न लगाउन समेत निर्देशन दिएको कुरा प्रदेश प्रहरी कार्यालयका प्रवक्ता सुमनकुमार तिम्सिनाले जानकारी दिएका छन् । उनले प्रहरीमा समेत आन्तरिक शुद्धिकरणको आवश्यकता रहेको र प्रहरी स्वयं आफू अनुशासनमा बस्नुपर्छ जसले गर्दा हामी प्रहरीमाथिको जनविश्वास कायम रहोस् भन्दै अनुशासनहिनता देखिएका प्रहरी कर्मचारीलाई तत्काल कारवाही गर्ने चेतावनी समेत दिएको बताए। ।
आन्तरिक अनुसशासनका साथै उनले कार्यालय व्यवस्थापनमा समेत ध्यान दिन जिल्ला प्रमुखहरुलाई दिदै घेरलु हिंसा र लागू औषध सेवन तथा



कारोबार नियन्त्रणमा लाग्न निर्देशन दिए । प्रदेश प्रहरी प्रमुख कुँवरले शुक्रवार नै बारा र पर्सा जिल्ला स्थित विभिन्न चौकी तथा सीमावर्ती क्षेत्रको अनुगमन तथा निरिक्षण गरेको बताइएको छ।

बिक्रीमा
११ x १६ अफसेट मशीन - १ थान
१५ x २० अफसेट मशीन - १ थान
३६" कट्टीङ्ग मशीन - १ थान
परफेट्टीङ्ग मशीन - १ थान
कम्प्युटर सेट - १ थान
सम्पर्क नं.:
9854020791, 9854021791

मधेश प्रदेश प्रकाशन समूहद्वारा प्रकाशित तथा मुद्रित वीरगंज महानगरपालिका-१५, दर्ता नं. ३११-०७९/८०, सम्पर्क ९८५५०२१२८१, कार्यालय : जनकपुरधाम उ.म.न.पा. वडा नं.-२, कदमचौक (नेपाल), E_Mail:madheshdristi@gmail.com, अध्यक्ष : ध्रुव साह, प्रधान सम्पादक : विश्वमणि पोखरेल